# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा वि.स. २०५७ सालमा जारी गरिएको शिक्षा ऐन २०२८ सालको सातौँ संशोधनबाट विद्यालय सुधार योजनाको कानुनी रुपमा प्रारम्भ भएको पाईन्छ । बास्तवमा यो एउटा विकेन्द्रिकृत शैक्षिक व्यवस्थापनको अभ्यास समेत हो । विद्यालयमा समतामूलक पहुँच, गुणस्तर एवम् आन्तरिक समक्षमता सुधार गर्न योजनाबद्ध प्रयास विद्यालय स्तरबाटै गर्नुपर्ने आवश्कता महसुस गरी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, दोस्रोको सुरुवातसँगै आर्थिक वर्ष २०५६/०५७ देखि १२ जिल्लामा परीक्षणको रुपमा विद्यालय सुधार योजना निर्माणको प्रारम्भ गरिएको थियो । यसै व्यवस्थाको कार्यान्वयन स्वरुप २०५८ सालदेखि आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम अन्तर्गत सबै विद्यालयहरुले मूलत : शिक्षण सिकाई सुधार प्रयोजनका लागि विद्यालय सुधार योजना निर्माण गर्ने र त्यसका आधारमा विद्यालयको सम्पूर्ण गतिविधिहरु सञ्चालन गर्ने अभ्यास लागू गरियो । त्यसै गरी गाउँ विकास समितिले तथा नगरपालिका क्षेत्र भित्रका बालबालिकाहरुको शिक्षामा पहुँच बढाउने प्रयोजनका लागि यो योजना निर्माण गर्ने व्यवस्था लागू गरियो । यो दुवै प्रकारका योजनाहरुको आधारमा जिल्लाहरुमा आवधिक/दीर्घकालीन योजनाका रुपमा जिल्ला शिक्षा योजना तयार गर्ने र त्यसलाई आधार मानी राष्ट्रियस्तरमा बार्षिक शिक्षा योजना तथा कार्यक्रम स्वीकृत गर्ने गरी प्रचलनमा ल्याइयो । यस्तो अभ्यासलाई व्यवहारिक रुपमा स्थापित गर्ने प्रयास स्वरुप आ.व.२०५८/०५९ देखि सबै विद्यालयहरुले विद्यालय सुधार योजनामा आधारित अनुदान कार्यक्रम लागू गरिएको हो (विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४) ।

विकेन्द्रिकृत शैक्षिक योजनाको एक अंगका रुपमा कार्यान्वयनमा ल्याइएको विद्यालय सुधार योजनालाई विद्यालय संगठन भित्रको संस्थागत योजना तथा शैक्षिक व्यवस्थापनको सबैभन्दा स्थानीय तहमा वन्ने योजना अभ्यासको रुपमा अवलम्बन गरिएको हो ।

नेपाल सरकारको अन्तराष्ट्रिय प्रतिबद्धताका रुपमा रहेको “सबैका लागि शिक्षा” र सहस्राब्दी विकास लक्ष्यहरुद्वारा अपेक्षित परिणाम सन् २०१५ सम्ममा हासिल गर्नका लागि व्यवस्थित

नतिजामूलक र कार्य कुशलतायुक्त प्रयास सञ्चालन गर्ने उद्देश्यका लागि यस्तो विकेन्द्रिकृत योजना अभ्यासलाई अनुशरण गर्नु परेको हो । यिनै प्रतिबद्धताहरुलाई पूरा गर्ने सुदृढ अभियानका रुपमा हाल चालूरहेको विद्यालय क्षेत्र सुधार कार्यक्रम २००९-२०१५ द्वारा अपेक्षित नतिजा हासिल गर्न विद्यालय सुधार योजना अभ्यासको सान्दर्भिकता बढेको अनुभव रहेको छ ।

हालसम्मको विद्यालय सुधार योजनाको उपलब्धि लेखाजोखा गर्दा उत्साहप्रद अवस्था रहेको पाइन्छ । सबै विद्यालयहरुको आवधिक ५ बर्षे विद्यालय सुधार योजना दस्तावेज निर्माण गरेको र त्यसका आधारमा विद्यालयका गतिविधिहरु सञ्चालन गर्ने गरेको छ । विद्यालयद्वारा पेश गरिएको विद्यालय सुधार योजनाका आधारमा निश्चित बजेट अनुदान निकासा गर्ने व्यवस्थालाई कानुनी प्रावधानका रुपमा अनुशरण गरिएको छ । विद्यालय तहमा यस्तो सुक्ष्म अथवा संस्थागत योजना तर्जुमा गर्न आधारभूत प्राविधिक क्षमता सहितका जनशक्ति तयार भएका छन् । विद्यालय विकासका लागि योजना निर्माण कार्यान्वयन र स्रोत परिचालन जस्ता कार्यहरुमा स्थानीय समुदायहरुको सरोकार, सहभागिता, अपनत्व र जवाफदेहितामा उल्लेखनीय रुपमा बढोत्तरी भएको छ । विद्यालय सुधार योजनाले आफ्नै विद्यालयलाई राम्रो विद्यालय बनाउन, विद्यालयमा राम्रो शिक्षण गर्ने र विद्यार्थीहरुलाई राम्रो सिकाई सुविधा व्यवस्था गर्ने जस्ता मुख्य पक्षहरुलाई समेटिएको गुणस्तर सुधार अभियानमा केन्द्रित ५ बर्ष आवधिक संस्थागत योजनाको रुपमा रहेको छ । यो योजना विकेन्द्रित शैक्षिक योजना अभ्यास अन्तर्गत सुक्ष्म योजना भएको हुँदा कार्यान्वयन तहमा निर्माण र प्रयोग हुने साधन हो (श्रेष्ठ र कोइराला, २०६८) ।

यो विद्यालय सुधारका लक्षित नतिजा हासिल गर्न आन्तरिक क्षमता विकासका प्रयास र प्रक्रिया एकीकृत गरी तयार गरिने योजना हो । स्थानीय अभिभावकहरु, समाजसेवीहरु, शिक्षाप्रेमी, विद्यार्थीहरु लगायतका सरोकारवाला समूहहरुको संलग्नता, सक्रियता र अपनत्व बृद्धि गरी विद्यालयको सर्वाङ्गीण विकास गर्ने दीर्घकालीन एवम् नियमित अभ्यास स्थापित गर्नु नै यस योजनाको मुख्य उद्देश्य पनि हो । विद्यालय समुदायको सम्पति भएकाले समुदायको सहायताबाट विकास सम्भव छ भन्ने व्यवहारिक सिद्धान्तलाई यस योजना अभ्यासले आत्मसात गर्दछ ।

सबै प्रकारका विद्यालय र धार्मिक प्रकृतिका विद्यालयहरु (मदरसा, गुम्बा, विहार, गुरुकुल, आदि) द्वारा बाल विकासदेखि कक्षा १२ सम्म संचालन गर्ने औपचारिक, अनौपचारिक, वैकल्पिक, गृहिणी शिक्षा, खुला शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा धार, स्वास्थ्य तथा पोषण आदिलाई समेटी एकीकृत विद्यालय सुधार योजना तर्जुमा गर्नु एवंम भौतिक क्षमता विकास योजनालाई यसमा एकीकृत गरी समेटिएको छ (विद्यालय सुधार योजना निर्माण पुस्तिका, २०७४) । उदाहरणका रुपमा शिक्षक तालिम, नेतृत्व विकास प्रशासनिक चुस्तता, अनुगमन तथा निरीक्षण, समुदायको सहभागिता, सिकाइ सुविधा, उपलब्ध साधन स्रोतको अधिकतम उपयोग लगायतका पक्षहरुमा विशेष सुधार गर्ने कार्यकलापहरु एकीकृत गरी यसलाई समष्टिगत योजना बनाउनु पर्ने कार्यको रुपमा प्रवाह गर्ने रहेको छ ।

यो योजना स्थानीय तहमा निर्माण हुने गाउँ शिक्षा योजना र जिल्ला तहमा निर्माण हुने बहुतहगत योजनाहरुको श्रृङ्खला हो । यो सिद्धान्ततः गाउँ शिक्षा योजनाद्वारा निर्धारित सबै क्षेत्रमा रहेका सेवाग्राही विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रवन्ध मिलाउन र जिल्ला शिक्षा योजनाले जिल्लाभरको शैक्षिक विकासको आवश्यकता प्रवाह गर्ने भएकोले तीनओटै योजनाहरु अन्तर सम्बन्धित छन् । विद्यालय सुधार योजना निर्माणका लागि संस्थागत रुपमा विद्यालय र पदीय रुपमा प्र.अ.को प्रमुख जिम्मेवारी रहन्छ । यो योजना तर्जुमा गर्न सम्बन्धित विद्यालय प्र.अ.को संयोजकत्वमा वि.व्य.स.का सदस्य शिक्षक अभिभावक संघ, शिक्षाप्रेमी, शिक्षक विद्यार्थीको प्रतिनिधित्व हुने ५ जना विद्यालय सुधार योजना निर्माण कार्यको लागि गठन गर्नु पर्ने प्राबधान रहेको छ । खासगरी राजनीतिक उथलपुथल भई रहेको, शिक्षक छनौट, नियुक्ति, आर्थिक भौतिक विद्यालयमा वाडफाँड, विद्यालय व्यवस्थापन समितिको नराम्रो प्रभावले दक्ष योग्य, सक्षम प्र.अ., शिक्षक, विज्ञ प्रतिनिधि आर्थिक वाडफाँड, भौतिक व्यवस्थापन कार्य समेतमा लेभि नामको मात्र कामले प्रभावकारी, योजना निर्माण सम्बन्ध पक्षको सहभागिता, निर्माण र कार्यान्वयन समेतमा नाकारात्मक प्रभाव परेको देखिन्छ । यसरी तयार गरिएको ५ वर्षे योजना दस्तावेजमा चालु बर्षको विस्तृत बार्षिक योजना खण्ड राख्नु बाँकी ४ बर्षको हकमा प्रत्येक शैक्षिक सत्रको प्रारम्भमा चालू बर्षको विस्तृत बार्षिक योजना तयार गर्ने योजना रहेकोले यो योजना शैक्षिक सत्रको सुरु महिनाबाट तयारी गरी जेष्ठभित्र तर्जुमा गरी सक्नु पर्नेछ । यसरी तर्जुमा गरी सकेपछि सम्बन्धित विव्यसले प्रत्येक बर्ष जेष्ठ महिनाभित्र स्वीकृत गरी कार्यान्वयन भइरहेको अवस्था देखिन्छ । विद्यालय सुधार योजना निर्माणको लागि सहयोग गर्ने तह

स्थानीय भएकोले यसको अर्थ, महत्व, आवश्यकता, उच्च गुणस्तरीय, प्रभावकारिता हराउँदै गएको अवस्था रहेको छ । साथै विद्यालयको शैक्षिक क्षति न्यून गर्दै शैक्षिक सक्षमतामा सुधार ल्याउन विद्यालयले अपनाउनु पर्ने कार्यक्रम र रणनीति तर्जुमा गरी अधि बढ्नु विद्यालय सुधार योजना भएकोले यस प्रकार विद्यालय सुधार योजना विद्यालयको समग्र विकासको योजना मात्र नभई विद्यालय प्रति आम समुदाय, शिक्षक, विद्यार्थी र सरोकारवालाहरुमा अपनत्वको भावना विकास गराउने संयन्त्र पनि हो । विकेन्द्रिकरणको अवधारणा अनुसार स्थानीय तहमा योजना निर्माण सम्बन्धी सीप र दक्षता अभिवृद्धि गराउने माध्यम पनि हो ।

नेपालका सबै विद्यालयहरुले आवधिक रुपमा विद्यालय सुधार योजना तयार गरी त्यसका आधारमा विद्यालयको समग्र व्यवस्थापन एवम् विकास कार्यहरु सञ्चालन गर्नु पर्ने नीतिगत व्यवस्था रहेको छ । यस प्रयोजनका लागि विद्यालय सुधार योजना निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन गर्न विद्यालयलाई दस्तावेजका रुपमा प्राविधिक मार्गदर्शन प्रदान गर्ने उद्देश्यले विद्यालय शिक्षामा समन्यायिक पहुँच सुनिश्चित गर्न, गुणस्तर अभिवृद्धि गर्न एवम् संस्थागत सक्षमता अभिवृद्धि गर्न नेपाल सरकारले शिक्षाको क्षेत्रमा विभिन्न योजना तथा कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । यसै सिलसिलामा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम संस्थागत सक्षमता अभिवृद्धि गर्ने उद्देश्य प्रथम चरण आ.व.२०५६/०५७ र दोस्रो चरणमा आ.व.२०५८/०५९ देखि देशमा कार्यान्वयन गरियो । दोस्रो चरणको अन्ततिरमा “सबैका लागि शिक्षा कार्यक्रम” विद्यालय क्षेत्र सुधार कार्यक्रम र हाल कार्यान्वयन रहेको “विद्यालय क्षेत्र विकास योजना”ले समेत विद्यालय सुधार योजनालाई एक महत्वपूर्ण साधनका रुपमा अङ्गीकार गर्दै आइरहेको छ । त्यसैले विद्यालय सुधार योजना कार्यक्रमको अध्ययनको महत्वहरु निम्न अनुसार रहेका छन् ।

क) विद्यालयको समग्र पक्षको सुधार मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु ।

ख) विद्यालय क्षेत्र विकास कार्यक्रमले निर्धारित गरेका उद्देश्यहरु पुरा गर्नका लागि विद्यालय सुधार योजनालाई आत्मसात गर्नु ।

ग) विद्यालयले अनिवार्य रुपमा सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने व्यवस्था मिलाउनु ।

घ) योजनाको निर्माण र कार्यान्वयन प्रक्रियालाई सहजीकरण एवम् मार्ग निर्देशित गर्नु ।

ङ) सान्दर्भिकता एवम् राजनीतिगत प्रवधान, योजना निर्माण कार्यान्वयन र समिक्षा प्रक्रियाद्वारा विद्यालय सुधार योजना निर्माण गर्नु ।

च) विद्यालय सुधार कार्यक्रमलाई सफलता साथ निर्माण, स्रोतसाधन प्रयोग र कार्यान्वयन गरी हाम्रो विद्यालय गुणस्तर विद्यालय बनाउनु ।

छ) विद्यालय सुधार कार्यक्रम योजना निर्माण र कार्यान्वयनमा सम्बन्धित पक्षका सरोकारवालाको थप राय सुझाव संकलन तथा प्रभावकारिता बढाउनु नै यसको महत्व रहेको छ ।

ज) असल प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीको संयुक्त पहलमा प्रभावकारी उद्देश्यमूलक विद्यालय सुधार योजना कार्यक्रम योजना निर्माण गरी कार्यान्यवनबाट उच्च शैक्षिक उपलब्धि हासिल गर्न सक्नु ।

झ) योजना निर्माणमा आइपर्ने समस्या पहिचान गरी सोको समाधान गर्नु ।

यसरी शिक्षामा विकेन्द्रिकरणलाई मूर्तरुप प्रदान गर्नका लागि विद्यालय सुधार योजनाको निर्माण गरी कार्यान्वयनमा ल्याएको छ (विद्यालय सुधार योजना पुस्तिका, २०७१) । यसै क्रममा सुनसरी जिल्लाको भोक्राहा नरसिँह गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुमा विद्यालय सुधार योजना कार्यान्वयन सम्बन्धी अध्ययन गर्न लागिएको हो ।

## १.२ समस्याको कथन

समयको परिवर्तनसगै शिक्षामा नवीनतम आयाम तथा प्रबृत्तिहरु देखा परिरहेका छन् । देश विकासमा हुने राजनैतिक, आर्थिक, सामाजिक, वैज्ञानिक ज्ञान, सीपको खोजी देशको भौगोलिक परिवर्तनसँग जनताको जीउधन, सुरक्षा, रोजगार, स्वास्थ्य समेतमा परिवर्तनको अपेक्षाको लक्ष्य बोकेको हुन्छ । त्यस कारण सरकारले आफ्नो लक्ष्य हासिल गर्न शिक्षा सँगै आवश्यकताको पहिचान र त्यसलाई पुरा गर्न सरकारले सोही अनुसारको उपलब्धि प्राप्ती गर्नु नै सरकारको दायित्व हुन्छ । त्यसै अनुरुप विद्यालय शिक्षा कार्यक्रममा गरिएको प्रचुर लगानी बाबजुत पनि शैक्षिक उपलब्धि अपेक्षित हुन नसक्नुमा विद्यालयको भौतिक र वातावरण प्रमुख रुपमा जिम्मेवार हुन गएको छ । अन्तराष्ट्रिय शैक्षिक सक्षमताको अभिवृद्धि गर्न राष्ट्रिय तथा सरकारी गैरसरकारी संघ संस्थाहरुबाट प्रचुर लगानी भइरहेको छ । नेपालमा शिक्षा क्षेत्रमा ठूलो साधन स्रोतको लगानी भइरहेको अवस्था छ । विभिन्न दातृ निकायको सहयोगमा सानोदेखि ठूलो योजना सबैका लागि शिक्षा कार्यक्रमका बहुचर्चित

कार्यक्रमहरु शैक्षिक विकासको क्षेत्रमा सञ्चालित भई आएका छन् । तापनि शैक्षिक उपलब्धि बढ्नुको सट्टा घट्दो क्रममा रहेको अवस्था छ । विद्यालयहरुको शैक्षिक पूर्वाधारको विकास यथोचित रुपमा हुन सकेको पाइदैन । दिन प्रतिदिन विद्यालय प्रतिको समुदायको सहयोग र सद्भाव घट्दो छ (साह, २०७१) । वि.व्य.स., प्र.अ. तथा शिक्षकहरुको बीच कामकाजको बाँडफाँड तथा नैतिक जिम्मेवारी नबुझ्दा नेपालमा विद्यालय सुधार योजना कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । विद्यालय सुधार योजना कार्यान्वयनमा समन्वय र सहकार्यको अभाव छ । सरोकारवालाहरुको आवश्यक सहयोग न्यून छ । न्यून बजेट विनियोजनका कारण विद्यालय सुधार योजनाको कार्यान्वयनमा जटिलता छ । यस्तो परिप्रेक्ष्यमा विद्यालयको सर्वाङ्गिण विकासको परिकल्पना सहित बिद्यालयमा लागू गरिएको विद्यालय सुधार योजना कार्यान्वयनको स्थिति के छ ? विद्यालय सुधार योजना कार्यान्वयनमा सरोकारवालाहरुको सहभागिता कसरी भई रहेको छ ? विद्यालय सुधार योजना कार्यान्वयनका समस्याहरु के कस्ता छन् ? भन्ने जस्ता प्रश्नहरुलाई समस्याको रुपमा उठान गरिएको छ ।

### १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार रहेका छन् :

क) विद्यालय सुधार योजना कार्यान्वयनको अवस्था पहिचान गर्नु,

ख) विद्यालय सुधार योजना कार्यान्वयनमा सरोकारवालाहरुको सहभागिता खोजी गर्नु,

ग) विद्यालय सुधार योजना कार्यान्वयनमा देखा परेका समस्याहरु पहिचान गरी समस्या समाधानका उपायहरुको खोजी गर्नु ।

### १.४ अध्ययनको महत्व

प्रस्तुत अध्ययनले विद्यालय सुधार योजनाको कार्यान्वयनका विभिन्न पक्षहरु उजागर गर्ने हुनाले नीति निर्मता, शिक्षाविद्, योजनाकार तथा शैक्षिक प्रशासकहरुलाई सहयोग गर्नेछ । यस विषयमा अध्ययन गर्न चाहने भावी अनुसन्धानकर्ताहरुलाई यो अध्ययन सहयोग गर्नेछ ।

## १.५ अनुसन्धान प्रश्नहरु

यस शोध अध्ययनका उद्देश्यहरु पुरा गर्न निम्न अनुसारका अनुसन्धान प्रश्नहरु समावेश गरी यिनै प्रश्नहरुको उत्तरमा शोध अध्ययनलाई केन्द्रित गरिएको छ ।

क) विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था कस्तो रहेको छ ?

ख) विद्यालय सुधार योजनाको कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरु कसरी सहभागी भै रहेका छन् ?

ग) विद्यालय सुधार योजनाको कार्यान्वयनको क्रममा देखिएका समस्याहरु के के हुन् ?

घ) देखिएका समस्याहरुको कसरी समाधान गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन प्रदेश नं. १ को सुनसरी जिल्लाको भोक्राहा नरसिह गाउँपालिकाको ३७ वटा विद्यालयहरु मध्ये ५ वटा विद्यालयहरुमा केन्द्रित रहेको छ । यो अध्ययन विद्यालय सुधार योजना कार्यान्वयन अवस्थामा मात्र केन्द्रित रहेको छ । यो अध्ययन योजना र कार्यान्वयन अवस्थाको विषयमा गाउँपालिका भोक्राहा नरसिंह सुनसरीको शिक्षा शाखा अधिकृत १ जना, वडाध्यक्ष/वडाप्रतिनिधि ५ जना, प्र.अ.५ जना, वि.व्य.स.अध्यक्ष ५ जना, शिक्षक ५ जना, र कक्षा ४ र ५ का छात्रा-१ छात्र-१ जना गरी कुल ३१ जनासँग प्रत्यक्ष अवलोकन, प्रश्नावली, अन्तर्वार्ता र अनुसूची मार्फत् विद्यालय सुधार योजना कार्यान्वयन सम्बन्धमा सरल स्पष्ट, उद्देश्यमूलक, वस्तुनिष्ठता, विश्वासनियताको समेत ध्यान राखी विचार, राय, सुझाव एवम् तथ्याङ्क संकलन गरिएको छ ।

### १.७ मुख्य शब्दावलीहरुको परिभाषा

शिक्षक : विद्यालयमा कार्यरत रहेका स्थायी, अस्थायी, करार र राहत शिक्षक

विद्यार्थी : विद्यालयमा संचालित कक्षा अन्तर्गत माथिल्लो कक्षाका विद्यार्थीलाई जनाउने छ ।

विद्यालय व्यवस्थापन समिति : विद्यालयको शैक्षिक  भौतिक पूर्वाधार विकास, व्यवस्थापन तथा संरक्षण गर्नको लागि शिक्षा ऐन बमोजिम गठन गरिएको समिति

शिक्षक अभिभावक संघ : भौतिक तथा शैक्षिक गुणस्तरीयको मूल्याङ्कन गर्न शिक्षा ऐन बमोजिम गठन गरिएको समिति ।

शिक्षा प्रमुख : स्थानीय तहमा रहेका विद्यालयहरुको आर्थिक, भौतिक, शैक्षिक रेखदेख गर्ने जिम्मेवार प्रमुख व्यक्ति ।

अभिभावक : विद्यालयमा अध्ययन विद्यार्थीहरुको शिक्षा ऐन अनुसार  संरक्षकको रुपमा रहेका व्यक्ति (आमा, बुवा, अन्य)

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

कुनै पनि समस्याको समाधान गर्न गरिने अध्ययनको लागि त्यस बिषय वा समस्यासँग मेल खाने सिद्धान्त, सम्बन्धित साहित्य, लेख रचना तथा अनुसन्धान प्रतिवेदनहरुको संकलन गरी पुन : अध्ययन गरिएको छ । यसले समस्या समाधानका लागि के कस्ता विकल्पहरुको खोजी हुने बाँकी समस्याको बारेमा अध्ययनलाई केन्द्रित बनाउने अवसर प्रदान भएको छ । एउटै विषयमा समस्याका खोजी कार्य दोहोरिन नदिन नयाँ नयाँ विषयमा खोज अनुसन्धान गर्नका लागि सोधकर्त्ताले सम्बन्धित सिद्धान्त तथा पूर्व साहित्यको अध्ययन गरी तथा सोसँग सम्बन्ध जर्नल, पुस्तक समेत अध्ययन गरी विद्यालय सुधार योजना कार्यान्वयनका बाटो सफलतासाथ उपलब्धी प्राप्त भएको छ । प्रस्तुत अध्ययनलाई बस्तुगत बनाउनका लागि मानव सम्बन्ध सिद्धान्तलाई आधारको रुपमा लिईएको छ ।

मानव सम्बन्ध सिद्धान्तले उत्पादन बढाउन व्यक्तिहरूको भावना र चाहना बुझेर कामदार र प्रशासक बिचको मानवीय सम्बन्ध विकास गर्नुपर्ने अवधारणालाई अघि सारेको छ । मानव सम्बन्ध बिचारधारा अनुसार कर्मचारीहरुलाई केवल उत्पादनको साधनको रुपमा मात्र नलिई संगठनको एक महत्वपूर्ण अंगका रुपमा हेर्ने गरिन्छ । संगठनमा कर्मचारीहरुको मनोवृत्ति, आवस्यकता र अनुभुति बुझ्नु पर्ने बिषयलाई यसले उठान गरेको छ । मानव सम्बन्ध अभियान (सिद्धान्त)ले संगठनमा ब्यक्तिहरुको महत्वलाई जोड दिन्छ । यसले अन्तरब्यक्ति सम्बन्ध तथा कर्मचारीहरुको ब्यवहारलाई जोड दिन्छ । मानिस आर्थिक कारणका अलावा मनोबैज्ञानिक, सामाजिक आवस्यकता र चाहानाबाट पनि उत्प्रेरित हुने गर्दछ ।

संस्थामा कार्यरतहरु बीच मानवीय नाताको स्थापना गरी मनोवैज्ञानिक ढाँचाबाट विभिन्न मनमुटाव तथा कलुषित भावना जस्ता बिषयबस्तुको समाप्ति गर्नुपर्छ । जति धेरै राम्रोसँग समन्वय सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध कायम भई काममा स्तरीयता एवम प्रभावकारिता हासिल हुन्छ ।

## २.२ पूर्व साहित्यको पुनरावलोकन

पूर्व साहित्यको पुनरावलोकन गरी त्यसभित्र हुने नयाँ अनुसन्धानका उपाय, समस्या पत्ता लगाउने र समाधानका उपाय, खोजमूलक कार्यलाई वैज्ञानिक र आधुनिकीकरण गर्न विद्यालय सुधार योजना कार्यान्वयन सरल सहज सिद्धान्त र पाइला अबलम्बन गर्न यस विषयसँग सम्बन्ध पूर्व साहित्यको पुनरावलोकन अध्ययन गरी समयसापेक्ष तथा सान्दिर्भिक बनाइएको छ । विद्यालयमा सामुहिक उत्साह जागृत भएको छ । यति हुन सकेको विद्यालय व्यवस्थापन पक्ष मजबुत हुन्छ । जसको परिणाम स्वरुप स्तरीय शिक्षा पाउन सकिने आशा गर्न सकिन्छ भन्ने मान्यता प्रस्तुत गरिएको छ (पौडेल, २०४९) । अध्ययनहरुले (साह, २०७१, खनाल, २०६७, कोइराला र श्रेष्ठ, २०७२) नेपालमा बिद्यालय तहमा बिद्यालय सुधार योजनालाई औपचारीकतामा मात्र तर्जुमा गर्ने गरिएको र यसको कार्यान्वयन पक्ष कमजोर रहेको देखाएका छन् ।

शिक्षासँग सरोकार राख्ने सरोकारवाला पक्षको साथ लिई अगाडि बढेमा योजनाको कार्यान्वयन पक्ष व्यवस्थित हुन्छ (वेल्वासे, २०५९) । सामुदायिक विद्यालयका सरोकारवालाहरुलाई विद्यालयको कार्यक्रममा संलग्नता बढाउने हो भने विद्यालयको वास्तविक समस्या पहिचान गरी समाधान गर्न सहयोग पुग्ने हुन्छ (श्रेष्ठ, २०६०) । योजना निर्माण र कार्यान्वयन कार्यलाई विकेन्द्रिकरणको सशक्त माध्यमको रुपमा प्रयोग गर्ने प्रत्येका शैक्षिक सत्रको अन्त्यमा अभिभावक दिवस् आयोजना गरी विद्यार्थी प्रगति विवरण सार्वजानिक गर्ने रहेको छ (राई, २०६२) । समुदायमा रहेका अशिक्षित अभिभावकहरुलाई विद्यालय प्रतिको सकारात्मक धारणाको विकास गर्नको लागि विशेष पहल गर्नु पर्छ (राउत, २०६२) । शैक्षिक विकेन्द्रीकरणको प्रसङ्गमा विद्यालय सुधार योजना निर्देशिका-२०६२ मा विष्ट र साथीहरु (२०६२) ले उल्लेख गरे अनुसार शिक्षा प्रतिको बढ्दो चाहना तथा जनआकांक्षालाई हेर्दा अन्तर्राष्ट्रिय स्तरमा पुग्ने प्रतिस्पर्धा गर्नुपर्दा शैक्षिक अवसरहरुको सृजना र परिपूर्ति केन्द्रीयस्तरमा निर्माण भएका योजना र कार्यहरुले मात्र पुरा गर्न सकिदैन । शिक्षालाई जनस्तरसम्म पुऱ्याउन विकेन्द्रीय शैक्षिक योजना तथा व्यवस्थापनको टड्कारो आवश्यकता विश्वभरि नै देखाएको छ । अझ नेपाल जस्तो विकासशील राष्ट्रको लागि शैक्षिक अवसर जनस्तरसम्म पुग्न कठिन भएको अवस्थामा यसको आवश्यकता झन महत्वपूर्ण देखिएको छ । यसरी शैक्षिक विकेन्द्रीकरणको नमूना अमेरिकामा विद्यालयस्तरमा

सरोकारवालाहरुको सहभागितामा योजना निर्माण कार्यान्वयन प्रभावकारी रुपमा भएको देख्न सकिन्छ भने वेलायती विद्यालयहरुमा पनि योजना निर्माण र कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको देखिन्छ (सिन्हा, २०६४) ।

विद्यालय सुधार योजना निर्देशिका २०६२ मा विष्ट र साथीहरू (२०६२) ले उल्लेख गरे अनुसार शिक्षा प्रतिको बढ्दो चाहना तथा जनआकांक्षालाई हेर्दा र अन्तराष्ट्रिय स्तरमा पुग्ने प्रतिस्पर्धा गर्नुपर्दा शैक्षिक अवसरहरूको सृजना र परिपूर्ति केन्द्रीय स्तरमा निर्माण भएका योजना र कार्यक्रमहरूले मात्र पुरा गर्न सक्दैनन । विकेन्द्रित शैक्षिक अवसर तथा योजना र व्यवस्थापनको आवश्यकता विश्वभरनै देखिएको छ । अझ नेपालजस्तो विकासशिल राष्ट्रको लागि शैक्षिक अवसर जनस्तरसम्म पुग्न कठीन भएको अवस्थामा यसको आवश्यकता झन महत्वपूर्ण देखिएको छ । शैक्षिक क्षेत्रमा विद्यालय तहमा निर्माण हुने विद्यालय सुधार योजनाले योजना निर्माण कार्यमा स्थानीय सरोकारवालाहरूको सहभागितामा अभिवृद्धि गरी कार्यन्वयन प्रकृयालाई प्रभावकारी बनाउन अपेक्षित उद्देश्य प्राप्त गर्नमा सहयोग पुग्दछ (विष्ट,२०६२) ।

जिल्ला शिक्षा कार्यालय २०६९, धनकुटाले प्रकासीत गरेको विद्यालय व्यवस्थापन र सुशासन सम्वन्धि सरोकारवालाहरूको क्षमता विकास तालिम को पेज नं.१९ मा भनीएको छ SIP भित्र राखीने विषयवस्तु (क) शिक्षण सुधार योजना निर्माण र प्रयोग; शिक्षकले पेशागत विकासका लागि शिक्षण गर्ने क्रममा शिक्षण सुधार योजना निर्माण गरिन्छ । शिक्षण कार्यलाई व्यवस्थित र योजनावद्ध रुपमा सञ्चालन गरि शिक्षण शिकाईमा प्रभावकारीता ल्याउनका निमित्व एउटा शिक्षकले वर्तमान अवस्था र सुधारको लक्ष्य सहित बनाउने शैक्षणीक योजना शिक्षण सुधार योजना हो । शिक्षकले नियमीत रुपमा यसको प्रयोग र अवलम्बन गर्नु पर्ने छ । शिक्षण सुधार योजना शिक्षकको स्व मूल्याङकनमा आधारीत पेशागत विकासमा टेवा पुर्याउन अध्यावधिक गरिने शैक्षणीक योजना हो ।

शिक्षण सिकाई  क्रियाकलापमा सुधार ल्याउन विद्यालयमा आधारीत शिक्षक तालिम र प्रयोगकर्ता अनुकुलको पाठ्यसामग्री विकास कार्यक्रमलाई अगाडी बडाउने, अनुदान प्रणालीमा सुधार गरी विद्यालयमा सोझै निकासा जाने प्रवन्ध मिलाउने, गुणस्तरीय शिक्षाका लागि न्युनतम सिकाइका आधारहरू तयार गरिने, शिक्षाको पहुंच सुनिस्चित गर्न खुल्ला र

दुर शिक्षा प्रणालीलाई विस्तार गरिने र शिक्षाका लागि सञ्चार रणनिति कार्यान्वयन ल्याइने उल्लेख गरीएको छ (अन्तरिम योजना, २०६४) ।

विद्यालय योजना निर्माण गरि कार्यान्वयन गर्न विद्यालय सुधार योजना बनाउने कार्यक्रम ल्याएको छ । विद्यालय संग सरोकार राख्ने सम्पुर्ण अभिभाबकहरू, शिक्षक, वि.व्य.स अध्यक्ष/ सदस्यहरू र प्रधानाध्यापक समेतको संलग्नतामा र सहयोगमा स्थानीय आवश्यकतामा आधारीत योजना निर्माण गरि कार्यान्वयन गर्नु SIP को मुख्य उदेश्य हो । यस्ता योजना निर्माण र कार्यान्वयनमा सरकारी तथा अन्य दातृ सस्थाहरूबाट विद्यालयलाई सहयोग गरिदै आएको छ । सरकार बाट प्राप्त रकम र स्थानिय स्रोत र साधनको अधिकतम उपयोग बाट विद्यालयमा आवश्यकता अनुसार योजना निर्माण गरी विद्यालयको शैक्षिक स्तर उकास्न सहज हुन्छ (SIP निर्देशिका, २०६५) ।

नेपालको शैक्षिक योजना निर्माण प्रक्रियामा विकेन्द्रीकरण भएको समय त्यति लामो भएको छैन । आधारभुत तथा प्राथमीक शिक्षा योजना प्रथमको अन्तिम वर्ष सन १९९८ मा बाह्य स्रोतको परिचालन गरी अन्तराष्ट्रिय संस्थाको सहयोगमा जिल्ला शिक्षा योजना निर्माणको प्रारम्भ गरेर नेपालमा शैक्षिक योजना निर्माण पक्षमा विकेन्द्रीकरणको अभ्यास भएको हो । त्यसबेला जम्मा १२ ओटा जिल्लामा जिल्ला शिक्षा योजनाको निर्माण भएको हो । तत् पश्चात आधारभुत तथा प्राथमिक शिक्षा दोस्रो चरणको प्रारम्भमा सन् १९९९ मा शिक्षा विभागबाट अधिराज्यका ७५ वटै जिल्लाहरूमा जिल्ला शिक्षा योजना अत्यन्तै छोटो समयमा तयार गरिएको थियो । सोही क्रममा विद्यालय स्तरमा भौतिक निर्माण कार्य सम्पन्न गराउन केही जिल्लाका विद्यालयहरूमा विद्यालय भौतिक सुधार योजनाको अभ्यास पनि गराइयो । यो योजना विद्यालयको भौतिक पक्षको सुधारमा मात्र केन्द्रित थियो । सन् २००२ मा वैज्ञानिक रुपमा जिल्ला शिक्षा योजना निर्माण गर्न अधिराज्यका ५ ओटा जिल्लाहरू: (झापा, चितवन, स्याङ्जा, बर्दिया र डडेलधुरा)परीक्षणको रुपमा छानियो । यी जिल्लाहरूमा शिक्षा योजनाका साथसाथै विद्यालय सुधार योजनको समेत निर्माण गराउने अभ्यास सुरु भयो । सन् २००३ मा भारतको शैक्षिक योजना तथा प्रशासन सम्बन्धि राष्ट्रिय संस्थासँग शिक्षा विभागले जिल्ला स्तरीय सुक्ष्म शैक्षिक योजना निर्माणको क्षेत्रमा योजना निर्माण तथा प्राविधिक क्षमता अभिवृद्धिको लागि साझेदारी कायम गऱ्यो । त्यस्तै सोही कार्यका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास गर्न प्राविधिक सहयोगका लागी युनेस्कोको

शैक्षिक योजना सम्बन्धि अन्तराष्ट्रिय संस्थासँग पनि साझेदारी कायम गरियो । पछि गएर जिल्ला शिक्षा योजना तर्जुमा तथा लेखाजोखा निर्देशिका समेत तयार गरी शैक्षिक योजना निर्माण कार्यलाई ७५ ओटै जिल्लाहरूमा विस्तार गरीयो (विद्यालय सुधार योजना निर्देशिका २०६३) ।

नेपालको सन्दर्भमा विद्यालय सुधार योजना कार्यक्रमको विकासक्रम हेर्दा आधारभुत प्राथमिक शिक्षा दोस्रो चरण (Master Plan 1999-2000) मा विद्यालय सुधार योजना कार्यक्रमलाई प्राथमिकतामा राखे पश्चात आ.व. २०५६/०५७ मा अधिराज्यका २ जिल्लाका १०० वटा विद्यालयहरूमा, २०५७/०५८ मा ५ जिल्लाका ८०० विद्यालयहरूमा, २०५८/०५९ मा १० जिल्लाका १००० विद्यालयहरूमा, २०५९/६० मा १५ जिल्लाका १५०० विद्यालयहरूमा, २०६०/६१ मा २० जिल्लाका २०० विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण कार्य सञ्चालन गरियो र विद्यालय सुधार योजना निर्माणका लागि 'A' Fund अन्तर्गत १०००, 'B' Fund अन्तर्गत ११०० र 'C' Fund अन्तर्गत १५०० गरी ३ किसीमका कोषहरू उपलब्ध गराउनुका साथै निर्मित योजना कार्यन्वयन का लागि विद्यालयहरूलाई विद्यार्थी संख्याको आधारमा निश्चित खालको अनुदान रकम उपलब्ध गराउने निति अघि सारियो । १० औं पञ्चवर्षिय योजनाले पनि विद्यालय स्तरीय शिक्षाको योजना निर्माण तथा कार्यन्वयनमा जोड दिएकोले उक्त कार्य व्यापक रुपमा कार्यन्वयन गराउन शिक्षा विभागलाई जिम्मेवारी बनाएको पाइन्छ । हाल आएर सबैक लागि शिक्षा कार्यक्रम अन्तर्गत आ.व. २०५९/६० देखि अधिराज्यका सबै जिल्लाका सबै विद्यालयहरूमा एक विद्यालय सुधार योजना निर्माण गरी निर्मित विद्यालय सुधार योजनालाई हरेक वर्ष अधावधीक गर्दै योजनामा प्रस्तावित कार्यक्रमहरू कार्यान्वयनका लागि वार्षिक रुपमा प्रति विद्यार्थी हिमालमा रु ३२५, पहाडमा रु ३०० वर तराईमा रु २७५ अनुदान निकासा दिने व्यवस्था गरीएको छ (विद्यालय सुधार योजना निर्देशिका, २०६४) ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) २०६६-२०७२ ले पनि विद्यालय सुधार योजनालाई निरन्तरता दिएको छ । जसले योजना कार्यन्वयन गर्न, निःशुल्क शिक्षा तथा निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउन जोड दिएको छ । त्यस्तैगरी विद्यालयमा शिक्षकको व्यवस्था मिलाउन प्रति व्यक्ति विद्यार्थी संख्याको आधारमा P.C.F. कोटा तथा एकमुस्ट वार्षिक अनुदान रकम समेत उपलब्ध गराउदै आएको छ । विद्यालय सुधार योजनको निर्माण खाका,

सूचकहरू, विद्यालयमा रहनुपुर्ने महत्वपूर्ण सूचनाहरू र योजना निर्माणमा सरोकारवालाहरूको भूमिका उल्लेख गरीएको छ (शिक्षा विभाग, २०६४) ।

त्यस्तै गरी शिक्षा विभाग सानोठीमी द्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तीका अनुसार "योजना स्विकृत गर्ने र विद्यालय सँग मिलि संयुक्त रुपमा योजना कार्यन्वयन गर्ने विकेन्द्रीत शैक्षिक योजनाको रुपमा विद्यालय सुधार योजनालाई लिइन्छ । जसले आर्थिक वर्ष २०५८/०५९ देखि विद्यालय सुधार योजनालाई कार्यन्वयनमा ल्याई विद्यालय संगठन भित्रको भौतिक योजना तथा शैक्षिक व्यवस्थापनको सबैभन्दा तल्लो तहमा बन्ने सुक्ष्म योजना अभ्यासका रुपमा अवलम्बन गरीएको छ (शिक्षा विभाग, २०६९ ) ।


वि.स २०६० चैत्रमा त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र फर्मोटिभ अनुसन्धान परियोजना द्वारा प्रकासित विद्यालय सुधार योजना र यसको कार्यान्यन शिर्षकमा SIP बारे उल्लेख गरिएको छ । शैक्षिक क्षेत्रमा विकेन्द्रीकरण सुधार प्र क्रिया सञ्चालनका लागि आधारभुत तथा प्राथमीक शिक्षा कार्यकमले देशका ५ जिल्लामा परिक्षण कार्यकमको रुपमा विद्यालय सुधार योजना प्रारम्भ गरेको हो । यस प्रयास अन्तर्गत स्थानिय तहबाट योजना निर्माण र त्यसको व्यवस्थापन सञ्चालन तथा अनुगमन होस भन्ने अभिप्रायले bottom up योजना अनुरुप लागु योजना प्रकीयाको थालनि गरिएको थियो (वस्नेत, २०६७) ।

## २.३ पुनरावलोकनको उपादेयता

यससँग सम्बन्धित विभिन्न साहित्यको अध्ययनबाट यस सोधकार्यलाई दिशा निर्देश गरिएको छ । यस अध्ययनका लागि समेटिएको बिषयलाई आवश्यक पर्ने सूचनाहरु प्राप्त गर्न सम्भव भएको छ । शिक्षा शास्त्र संकाय अन्तर्गत स्नात्तकोत्तर तहमा अध्ययन गर्ने शोधकर्ताबाट वा अन्य अनुसन्धानकर्ताहरु बाट सामुदायिक विद्यालयको विद्यालय सुधार योजना कार्यान्वयन अवस्था अध्ययनको सम्बन्धमा अध्ययनहरु गरेको पाइन्छ । सरोकारवालाहरुले सामुदायिक विद्यालयका विद्यालय सुधार योजनाको कार्यान्वयनको प्रभावकारी ढंगबाट गर्न सकेमा विद्यालयको भौतिक अवस्थामा सुधार र शैक्षिक गुणस्तरमा वृद्धि भई समस्याहरु समाधान गर्न सहयोग पुऱ्याएको छ ।

## २.४ अवधारणात्मक खाका

अनुसन्धानलाई गुणात्मक गर्दा सैद्धान्तिक अवधरणालाई आधार बनाइएको छ । त्यसैले यस परिच्छेदमा दुई थरिका अवधारणा एवं चिन्तनहरुको विश्लेषण गरिएको छ । पहिलो चिन्तनले अध्ययनको बैचारिक खाका दिन्छ भने दोस्रो व्यवहारमा देखिएका सबल एवं कमजोर पक्षका साथै जल्दाबल्दा चुनौती र समस्याहरुको बारेमा जानकारी दिइने प्रत्यन गरिएको छ । यस शोध अध्ययनका उद्देश्यहरुको प्रतिफलका लागि शोधकर्तालाई बस्तुगत ढंगले अघि बढाउने क्रममा शोध अध्ययनको विषयमा प्रकृति क्षेत्र लगायतका विषयको अनिवार्यतालाई मध्यनजर गरिएको छ । एकातर्फ विद्यालय सुधार योजना कार्यान्वयन प्रक्रिया, संगठनात्मक कार्य भएको हुँदा संगठनमा कार्यरत शिक्षक कर्मचारी तथा सरोकारवालाहरुको बीच अन्तर सम्बन्ध, कामको वाँडफाँड, नियन्त्रण तथा मूल्याङ्कनको अध्ययन गर्नु परेको छ भने अर्को तिर शोध अध्ययनकर्ताले समेत मानवीय अनुभव, विचार, भावना, क्रियाशिलता तथा सहभागिताका अवस्था अध्ययन गर्नु पर्ने भएकाले मानव सम्बन्ध सिद्धान्त को खाका भित्र रही शोध अध्ययन पुरा गरिएको छ । शिक्षक, प्रशासन, मानवीय एवं सामाजिक प्रक्रिया भएको हुँदा यस प्रक्रियालाई आन्तरिक ढंगले होइन मानवीय ढंगले संचालन गर्नु परेको छ । योजना निर्माण प्रक्रिया तथा कार्यान्वयन किन नहोस्, शैक्षिक प्रशासनले असफलता झैली रहनु परेको छ । यस भित्र चलायमान जनशक्तिबीच सुमधुर सम्बन्ध स्थापित हुन नसक्नु हुन जान्छ । पेशागत, प्रणालीगत र प्रजातान्त्रिक, शैक्षिक प्रशासनबाट सम्भव भएको छ । त्यसै अनुरुप आधारभूत तहमा विद्यालय सुधार योजना कार्यान्वयनको खाका तयार पारी सोही भित्र रहेर पुरा गरिएको छ । जसलाई निम्न चार्टमा प्रस्तुत गरिएको छ ।



# परिच्छेद तीन
# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन गुणात्मक ढाँचामा आधारित रहेको छ । यसले सरोकारवालाहरुका विचार, धारणा र प्रतिक्रियाहरु विश्लेषण गरी बिद्यालय सुधार योजनाका समस्या र समाधानका उपायहरु पहिल्याउने प्रयत्न गरिएको छ । अध्ययनबाट प्राप्त सूचना तथा तथ्यांकहरुलाई व्याख्यात्मक र विश्लेषणात्मक ढंगबाट गरिएको छ । अध्ययनका उद्देश्य प्राप्तीका लागि प्राथमिक सहायक स्रोतबाट आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ । प्राप्त तथ्याङ्क विश्लेषणको आधारमा विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्था र देखिएका कमी कमजोरीहरु न्यूनीकरण गर्न थप सुझावहरु प्रस्तुत गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्र

विद्यालय सुधार योजनाको कार्यान्वयन अध्ययन गर्ने क्षेत्रको रुपमा प्रदेश नं. १ सुनसरी जिल्ला अन्तर्गत पर्ने झोक्राहा नरसिँह गाउँपालिकाको ३७ वटा सामुदायिक विद्यालयहरु मध्येको ५ वटा आधारभूत सामुदायिक विद्यालय (१-८) हरुलाई लिइएको छ ।

## ३.३ जनसंख्या, नमुना तथा नमुना रणनीति

अध्ययनका लागि झोक्राहा नरसिँह गाउँपालिकाको ३७ वटा सामुदायिक विद्यालयहरुलाई जनसंख्याको रुपमा लिइएको छ । विद्यालय सुधार योजनाको कार्यान्वयन अध्ययन गर्नका लागि जम्मा ५ ओटा सामुदायिक आधारभूत विद्यालयहरुलाई उद्देश्यमुलक नमुना छनौट बिधिको प्रयोग गरि नमुनाको छनौट गरिएको छ । नमुना तथा नमुना छनोट रणनीतिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १: नमुना छनोट विवरण, २०७६

| क.स. | विवरण | जनसंख्या | नमूना | नमुना छनौट/रणनीति | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षा शाखा प्रमुख | १ | १ | उद्देश्यमूलक | |
| २. | वडाध्यक्षहरु | ५ | ५ | उद्देश्यमूलक | |
| ३. | विव्यस/शिअस अध्यक्षहरु | ५ | ५ | उद्देश्यमूलक | |
| ४. | प्रधानाध्यापकहरु | ५ | ५ | उद्देश्यमूलक | |
| ५. | शिक्षकहरु | २८ | ५ | सम्भावनायुक्त नमूना छनौट | |
| ७. | विद्यार्थीहरु | ६०३ | १० | सम्भावनायुक्त नमूना छनौट | |
| जम्मा संख्या | | ६४७ | ३१ | | |

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरु

विद्यालय सुधार योजना कार्यान्यवनको अवस्था सम्बन्धि अध्ययनको लागि निम्न अनुसारका तथ्याङ्कहरु संकलनका साधनहरुको प्रयोग गरिएको छ।

### ३.४.१ अवलोकन फारम

गुणात्मक अनुसन्धानको महत्वपूर्ण विधिमध्ये अवलोकन पनि एक हो । यस अन्तर्गत विद्यालयको शैक्षिक/आर्थिक/ भौतिक/प्रशासनिक, उपलब्धिहरुलाई संकलन गरिएको छ।

### ३.४.२ अन्तरवार्ता अनुसूचि

गुणात्मक अनुसन्धानको अर्को महत्वपूर्ण साधन अन्तर्वार्ता हो । अन्तर्वार्ता कुनै विशिष्ट विषयमा एक वा एक भन्दाबढी व्यक्तिहरुबीच हुने छलफल वा विचार हो । शिक्षक, वडाध्यक्ष, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा विद्यार्थीहरुबाट तथ्याङ्क संकलन गरिएको छ।

### ३.४.३ प्रश्नावली

प्रश्नावली सूचना सङ्कलनको प्रमुख साधन हो । उत्तरदाताहरुको विचार वुभ्रूनका लागि प्रश्नावलीको प्रयोग गरिएको हुन्छ । यस अध्ययनका लागि नमुना छनोटमा परेका

विद्यालयका लागि आवश्यक पर्ने सूचनाहरु प्रश्नावली फारम तयार गरी शिक्षक र प्रधानाध्यापकका लागि प्रश्नावली प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

नमूना छनौटमा परेका आधारभूत बिद्यालयहरुमा अध्ययनकर्ता स्वयम् गएर पूर्व अनुमति लिई सूचना तथा तथ्यांक संकलन गरिएको छ । सम्बन्धित विद्यालयको प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, विद्यार्थी, वडाध्यक्षहरुलाई आ-आफ्नो जिम्मेवारी तोकिएको कार्य क्षेत्रको परिधिभित्र रही प्रश्नावली तयार पारी छलफल र अन्तर्वार्ताका माध्यमबाट उत्तर संकलन गर्ने कार्य गरिएको छ । साथै भौतिक सुविधा र अभिव्यक्ति तथा बाह्य क्रियाकलाप, कार्यान्वयनको पक्षहरु, अन्तर्वार्ता र अवलोकन प्रक्रियाबाट तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण विधि

प्रश्नावली अन्तर्क्रिया, छलफल तथा विद्यालय अवलोकन फारमबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी संकलन गरिएका तथ्याङ्कलाई सिद्धान्तसँग सम्बन्धित गर्दै व्याख्या एवम् विश्लेषण गरिएको छ । साथै तथ्याङ्कलाई विभिन्न प्रकारका गुणात्मक तथ्याङ्क विश्लेषण प्रयोग गरि विश्लेषण गरिएको छ । अध्ययन गरिएका ५ वटा सामुदायिक आधारभूत विद्यालयहरु तथा सरोकारवालाहरुबाट प्राप्त तथ्याङ्कलाई सर्वप्रथम तालिकामा राखी विश्लेषण तथा व्याख्या गरिएको छ । प्रश्नावली फारमका आधारमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रुपमा व्याख्या गरिएको छ ।

## ३.७ नैतिक तथा मूल्यगत पक्ष

प्रस्तुत अध्ययन गर्दा अध्ययनकर्ताले निम्न अनुसारका नैतिक तथा मूल्यगत पक्षहरुलाई अवलम्बन गरिएको छ ।

क) गोपनीयता

ख) वस्तुनिष्ठता

ग) पक्षपात रहित

# परिच्छेद चार

# नतिजाको छलफल

यस परिच्छेदमा विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था, कार्यान्वयनमा सरोकारवालाहरुको सहभागीता र कार्यान्वयनमा देखिएका समस्याहरुको लागि नमुना छनौटमा परेका विद्यालयहरुको सरोकारवालाहरुबाट विभिन्न सूचना जानकारी तथा तथ्याङ्कहरु संकलन गरी त्यसको विश्लेषण र प्रस्तुतीकरण गरिएको छ ।

## ४.१ विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था

प्रदेश नं. १ सुनसरी जिल्लाको भोक्राहा नरसिँह गाउँपालिका अन्तर्गत पर्ने ३७ वटा सामुदायिक विद्यालयहरु मध्येबाट नमुना छनौटमा परेका ५ वटा आधारभूत तहका विद्यालयहरुको विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था बारे छलफल, अन्तरक्रिया र अन्तर्वार्ता संचालन गरिएको थियो । निजहरुसँग प्रश्नावली समेत भराई सो शीर्षकमा विचार, राय, सुझाव संकलन गरिएको छ । जसमध्ये ५ वटै विद्यालयको विद्यालय सुधार योजना तथा कार्यान्वयनको अवस्था अन्तर्गत सबै विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण गरेको पाइयो ।

विद्यालय सुधार योजनाको अद्यावधिक सबै विद्यालयले गरेको पाइयो । विद्यालय सुधार योजना कार्यान्वयन पनि सबैले गरेको पाइयो । साथै विद्यालय सुधार योजनाको कार्यान्वयन सम्बन्धमा समिक्षा गर्ने पक्ष भने सबै बिद्यालयहरुमा कमी देखियो ।

### ४.१.१ विद्यालयको भौतिक व्यवस्थापन

विद्यालयको भौतिक व्यवस्थापनमा सरोकारवालाहरुको सहभागीता हुनु अति जरुरी देखिएको छ । विद्यालय, समुदाय र समुदायबीच सहयोगात्मक भावना देखियो । यस अध्ययनले लिएको उद्देश्य पुरा गर्न स्थानीय सरकार विद्यालयसँग सरोकार राख्ने सरोकारवालाहरु वि.व्य.स., शि.अ.स., प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकले विद्यालयको भौतिक व्यवस्थापन पक्षले गर्दा शिक्षण सिकाईमा राम्रो प्रभाव पारेको छ ।

### ४.१.१.१ योजनाबद्ध शिक्षणमा सहयोग

कुनै पनि कार्य योजनाबद्ध ढंगले गर्न सकिएमा मात्र अपेक्षित उद्देश्यहरु प्राप्त गर्न सकिन्छ भने अभिप्रायले विद्यालयको भौतिक व्यवस्थापन सम्बन्धित कार्यहरु जस्तै : कक्षाकोठा, डेक्सबेन्च तथा विद्युतीय उपकरणहरुको सहयोगले पठन पाठनमा सहयोग पुगेको छ । कक्षा १ देखि ५ सम्ममा बसाई व्यवस्थापन, कक्षाकोठाको व्यवस्थापन तथा शिक्षण सिकाई पूर्ण बालमैत्री रुपमा गरिएको छ । विद्यालयमा निर्मित विद्यालय सुधार योजना अनुसारको कार्यान्वयन पक्षले गर्दा गुणस्तरीयमा समेत राम्रो उपलब्धी प्राप्त भएको छ ।

### ४.१.१.२ कक्षाकोठाको उचित व्यवस्थापन

विद्यालयको भौतिक व्यवस्थापन सम्बन्धिका समस्याहरु अन्तर्गत कक्षाकोठाको फर्निचरको समस्या, ह्वाइटबोर्ड, कक्षाकोठाको आकारप्रकार तथा झ्याल ढोका, स्वस्थकर र रङ्गरोगङ्ग लगायत बुक कोर्नरको व्यवस्थापन पर्दछ । यी उल्लेखित पक्षहरुको व्यवस्थापन तथा सञ्चालन राम्रो तथा प्रभावकारी ढँगबाट भएको पाइयो । यी कार्यहरुको सञ्चालनमा सरोकारवालाहरुको राम्रो पहल तथा सहयोग रहेको देखिन्छ । तर २ बटा विद्यालयमा यी अवस्था कमजोर देखियो ।

### ४.१.१.३ विद्यालयको बाहिरी वातावरण

यसमा अध्ययन गरिएका विद्यालयहरुमा स्वास्थ्य, सरसफाई, खेलकुद तथा खानेपानीको व्यवस्थापनको आधारले हेर्दा विद्यालय सुधार योजनामा भए अनुसार कार्यान्वयन केही विद्यालय देखिएन । ५ विद्यालयमध्ये ३ वटा विद्यालयमा घेरावेरा भएको र २ वटा विद्यालयमा निर्माणाधिन अवस्था रहेको पाइयो । घेरावेरा भएको विद्यालयको भौतिक व्यवस्थापन सुरक्षित तथा वातावरण सरसफाई रहेको देखियो ।

## ४.१.२ विद्यालयको शैक्षिक व्यवस्थापन

### ४.१.२.१ प्रभावकारी शिक्षण प्रक्रिया

शिक्षणका लागि शिक्षक, विद्यार्थी र बिषयवस्तु संगत कुरा भएतापनि भौतिक पक्ष, विद्यालयको शैक्षिक वातावरण, खेल मैदान, कक्षाकोठा सजीसजाउ, हरियाली वातावरण र

सरसफाईको लागि विद्यार्थी केन्द्रित विधिहरु जस्तै छलफल, समस्या समाधान, प्रश्नोत्तर, प्रयोगात्मक, प्रदर्शन तथा बाल मैत्री शिक्षण जस्ता विधिबाट शैक्षिक वातावरण रमाइलो, प्रभावकारी र दिगोपनका लागि मुख्य भूमिका खेल्दछ । यसै गरी विद्यालयका विद्यार्थी-विद्यार्थीबीच, शिक्षक-शिक्षकबीच सम्बन्ध सौहार्दपूर्ण रहेको पाइयो । शिक्षक र विद्यार्थी दुवैले आचारसंहिता अनुसार आफ्नो भूमिका निर्वाह गरेर विद्यालयको वातावरण तथा शैक्षिक सुधार निरन्तर गरेको पाइयो । विद्यालयमा विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था यसैबाट प्रतिबिम्बित हुन्छ ।

### ४.१.२.२ व्यवस्थित रुपमा परीक्षा प्रणालीमा सुधार

विद्यालयमा सञ्चालन गरिने विभिन्न प्रकारका परीक्षाहरु आवधिक र निरन्तर अन्तर्गत पर्दछ । विद्यालय मार्फत विद्यार्थीको सिकाई उपलब्धि जाँच्न तथा लेखाजोखा गर्दै उनीहरुको स्तर उन्नति गर्नको लागि लिइने निर्माणात्मक परीक्षा अन्तर्गत बार्षिक परीक्षा पर्दछ । परीक्षा सञ्चालनको क्रममा सही मूल्याङ्कन गर्ने, परीक्षा व्यवस्थित रुपमा सञ्चालन गरेको पाइयो । यसमा सरोकारवाला पक्षहरु विव्यस, प्र.अ., शिक्षक, विद्यार्थी, स्थानीय निकायवालाहरु परीक्षा प्रणालीलाई मर्यादित र स्तरीय बनाउन सक्रीय भूमिका निर्बाह गरेको पाइयो । विद्यार्थीको परीक्षाको नतिजा, विश्लेषण गर्दा देखिएका सवल पक्षहरुलाई निरन्तर राखी दुर्वल पक्षहरुलाई समिक्षा गर्दै सुधारात्मक दिशाबोध गरेको पाइयो । साथै अभिभावकहरुको संयुक्त भेलामा नतिजाको सार्वजनिकीकरण गरी आवश्यक पृष्ठपोषण लिनेदिने गरिरहेको पाइयो ।

### ४.१.२.३ शैक्षिक सुधारमा स्थानीय तहको भूमिका

विद्यालय सुधार योजनाको निर्माण, कार्यान्वयन र अनुगमन निरिक्षणमा स्थानीय निकाय शिक्षा प्रमुखको भूमिका प्रभावकारी रहेको देखिन्छ । आफ्ना गाउँपालिका मातहतमा कुन कुन विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण गरे? कुन कुन निर्माण गर्ने क्रममा छन् ? कतिले नियमित विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था के छ ? विद्यालय सुधार योजनाको निर्माणमा स्थानीय निकायको भूमिका के छ ? भन्ने सवालहरुमा स्थानीय शिक्षा प्रमुख सक्रिय रहेको अवस्था छ । विद्यालय सुधार योजनाको प्रभावकारी रुपमा

कार्यान्वयन भई रहेको छ । विद्यालय सुधार योजनाको निर्माण तथा कार्यान्वयनको कार्यमा सबै सरोकारवालाहरु सजक र सचेत रहेको पाइयो ।

#### ४.१.२.३ शैक्षिक सुधार र गुणस्तरको सन्दर्भमा विद्यालय सुधार योजनाको अवस्था

विद्यालयमा नियमित पठनपाठनलाई प्रभावकारी रुपमा सञ्चालन गरी शैक्षिक सुधारको अभिवृद्धि गर्दै गुणस्तरयता कायम गर्ने सवालमा विद्यालय खुल्ने दिन, कक्षा सञ्चालन हुने दिन, शिक्षकको उपस्थित हुने दिन, विद्यार्थीको औषत उपस्थिति, निरन्तर विद्यार्थी मूल्याङ्कन जस्ता क्रियाकलापहरु शैक्षिक गुणस्तर कायम गर्ने सहयोगी अन्य क्रियाकलापहरुको लागि निश्चित योजना तथा कार्यक्रम विद्यालय सुधार योजना अनुसार कार्यान्वयन भएको देखिन्छ ।

### ४.१.३ विद्यालयको सामाजिक व्यवस्थापन

#### ४.१.३.१ समुदाय परिचालन अवस्था

विद्यालयको लागि आवश्यक कार्यक्रमहरु सम्पन्न गर्न समुदाय परिचालन गर्न विव्यस, शिअस, आमा समूह, बाल क्लब, शिक्षक संजाल लगायत स्थानीय शिक्षा समितिहरुको स्क्रीय सहभागिताले गर्दा विद्यालयको शैक्षिक, भौतिक, प्रशासनीक तथा आर्थिक पारदर्शिता रहेको कारणले गर्दा विद्यालयमा राजनैतिक, सामाजिक द्वन्द्वलाई न्यूनिकरण गरिएको अवस्था देखिन्छ । जसले गर्दा विद्यालय र समुदायबीच सम्बन्ध सुमधुर रहेको पाइयो ।

#### ४.१.३.२ गाउँपालिका शिक्षा समितिको भूमिका

यस भोक्राहा नरसिँह गाउँपालिका, सुनसरीको गाउँ शिक्षा समितिको प्रावधान अनुसार गाउँ शिक्षा समिति गठन भई गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय, निजी विद्यालय तथा धार्मिक विद्यालयहरुलाई समेत समनताको अवधारणा बमोजिम शिक्षाको मौलिक हक र अधिकारको सही सदुपयोग हुने गरी शैक्षिक, भौतिक, प्रशासनीक तथा आर्थिक समेत पक्षलाई ध्यानमा राखेर विद्यालय स्वीकृति, शिक्षक व्यवस्थापन लगायत सर्वपक्षीय रुपमा विद्यालयको समुचित सेवा प्रवाहको कामकाज सुचारु रहेको देखियो ।

### ४.१.३.३ पृष्ठपोषण, आवधिक समीक्षा तथा समन्वयको अवस्था

विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्थाबाट प्राप्त उपलब्धि, कार्यान्वयनमा देखिएका कमीकमजोरीहरु र सुधार गर्नुपर्ने पक्षहरु सम्बन्धमा कार्यान्वयन गर्ने निकाय विगतका अनविज्ञ रहन गरी कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न सकिएको देखिदैन । हाल स्थानीय निकायमा सर्वपक्षीय विभागीय प्रमुखहरुको वहाली भए पश्चात स्थानीय शिक्षा क्षेत्रमा व्यापक परिवर्तन भएको पाइन्छ ।

### ४.१.४ विद्यालयको आर्थिक व्यवस्थापन

### ४.१.४.१ योजनामा उल्लेखित उद्देश्य, कार्यक्रम र बजेटको अवस्था

योजना कार्यान्वयनमुखी भन्दा योजनामुखी भई स्थानीय शिक्षा शाखालाई मात्र बजेटको प्रमुख स्रोत बनाई ठुलो परिणाममा बजेटको अपेक्षा गरेको कारण पर्याप्त बजेट प्राप्त नहुँदा कार्यान्वयनमा कठिनाई सृजना हुन गएको देखिन्छ । विद्यालयको श्रोत तथा आम्दानीको सही विश्लेषण नगरीकन हचुवाको भरमा बजेट योजना बनाउनु तथा त्यस अनुसार विद्यालय योजना कार्यान्वयन गर्दा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन गएको पाइयो ।

### ४.१.४.२ स्थानीय स्तरमा श्रोतको खोजी र परिचालन हुन नसक्नु

विद्यालय सुधार योजनामा उल्लेखित कार्यक्रमहरु स्थानीय श्रोतको खोजी गरेर सो श्रोतको परिचालनबाट प्रभावकारी रुपमा सम्पादन गर्ने प्रयत्नमा विद्यालय प्रशासन देखिदैन र विद्यालय विश्वस्त पनि छैन् ।

### प्राप्ति

विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था सग्रममा प्रभावकारी देखियो । विद्यालय सुधार योजना कार्यान्वयन गर्नको लागि सरोकारवाला निकायको स्क्रीय भूमिका रहेको पाइयो । जसले गर्दा विद्यालय सुधार योजनामा भौतिक पक्ष, शैक्षिक पक्ष, आर्थिक पक्ष तथा प्रशासनीक पक्ष समेतको स्तर उन्नति भएको देखिन्छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, आमा समूह, प्र.अ., शिक्षक, विद्यार्थीहरुको स्क्रीय रुपमा सहभागिता रहेको पाइयो ।

## ४.२ विद्यालय सुधार योजनाको कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरुको सहभागिता

विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्था भन्ने शीर्षकमा त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन स्नातकोत्तर तहको दोस्रो बर्षको सोधकार्य वा आंशिक आवश्यकता परिपुर्तिको लागि नमुना छनौट गरिएका यस भोक्राहा नरसिँह गाउँपालिकाको आधारभूत तहको ३७ वटा सामुदायिक विद्यालयहरु मध्येबाट ५ वटा आधारभूत विद्यालयहरु रहेका छन् । जसमा शिक्षा शाखा प्रमुख १ जना, वडाध्यक्ष ५ जना, विव्यस अध्यक्ष ५ जना, प्र.अ. ५ जना, शिक्षक ५ जना, विद्यार्थी २/२ जना गरी १० जनाहरुको यस विषयमा प्रश्न, छलफल, अन्तरक्रिया कार्यमा स्क्रीय सहभागिता पूर्वक लागेको देखियो । विद्यालय सुधार योजनाको कार्यान्वयनको छलफलमा सत्य तथ्यमा आधारित विचारहरु दिइएको पाइयो । जसले गर्दा विद्यालय सुधार योजनाको अवस्था पहिचान गर्न, सरोकारवालाहरुको सहभागिताको खोजी गर्न, समस्या पत्ता लगाउन तथा उपायहरु पहिल्याउन महत्वपूर्ण तथा उपलब्धिमूलक पाइयो ।

### प्रधानाध्यापक

विद्यालयको विद्यालय सुधार योजना कार्यान्वयनमा सरोकारवाला पक्षहरुमध्ये प्रधानाध्यापकको स्थान महत्वपूर्ण देखिन्छ । विद्यालय व्यवस्थापन समितिको सचिव पदमा अनिवार्य रहने व्यवस्था शिक्षा ऐन र नियमावलीले गरेतापनि समितिले गरेको निर्माण कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी प्र.अ.को नै हुन्छ । अध्ययन गरिएको विद्यालयहरुमा विद्यालय सुधार योजनाको कार्यान्यवन अवस्था कार्यमा प्र.अ.को स्क्रीयता बढेको पाइयो । विद्यालयको लागि श्रोत संकलन तथा विद्यालयको शैक्षिक, भौतिक, आर्थिक व्यवस्थापन प्रमुख भूमिका खेलेको पाइयो । प्रधानाध्यापकले विद्यालयको प्रशासनीक कार्यको साथसाथै विद्यालयमा शिक्षण गर्ने पेशामा पनि रहेको पाइयो तथा समाजका व्यक्तिहरु र अन्य सरोकारवालाहरुसँग पनि राम्रो समन्वय गरेको पाइयो ।

### विद्यालय व्यवस्थापन समितिका अध्यक्ष

विद्यालयको कामकाज व्यवस्थित तथा नियमित रुपमा संचालन गर्नको शिक्षा ऐन तथा नियमावली अनुसार विद्यालय एउटा विद्यालय व्यवस्थापन समिति छनौट गर्ने व्यवस्था

गरिएको हुन्छ । विद्यालयको भौतिक, शैक्षिक, आर्थिक तथा प्रशासनिक गतिविधिहरुलाई व्यवस्थित तथा गुणात्मक बनाउन विद्यालय व्यवस्थापन समितिको अह्म भूमिका हुन्छ । सोही अनुरुप यस भोक्राहा नरसिँह गाउँपालिका अन्तर्गत प्रत्येक सामुदायिक, निजी तथा धार्मिक विद्यालयहरुमा समेत यो व्यवस्था लागु गरिएको छ । यस गाउँपालिका अन्तर्गतका छनौटमा परेका विद्यालय व्यवस्थापन समिति स्क्रीय रहेको पाइयो । जसले गर्दा विद्यालयमा विद्यालय सुधार योजनाको कार्यान्वयन गर्दा आईपर्ने समस्या तथा समस्या निराकरणका उपायहरुको खोजी गर्न बैठक, छलफल, गोष्ठी, अभिभावक भेला तथा निकायवालाहरुसँगको परार्मश गरिएको पाइयो ।

**शिक्षक/शिक्षिका**

विद्यालयको शैक्षिक क्रियाकलापमा प्रमुख रुपमा भूमिका खेल्ने तथा शैक्षिक गुणस्तर विद्यालयमा पठनपाठन इत्यादि कुराहरुको लागि महत्वपूर्ण रुपमा रहनुको साथै विद्यालय सुधार योजना कार्यान्वयनमा अह्म भूमिका रहेको देखिन्छ । सोही अनुरुप यस गाउँपालिका छनौटमा परेका विद्यालयहरुका शिक्षक/शिक्षिकाहरुको प्र.अ. शिक्षक बैठक, अभिभावकहरुसँगको छलफल, विद्यार्थीहरुसँग छलफल र परार्मश, गुणस्तरीय शिक्षण सिकाईमा प्रभावकारी भूमिका विद्यालयमा देखिएका विभिन्न गतिविधिहरुमा स्क्रीय सहभागिता भई योजना निर्माण तथा कार्यान्वयनमा समेतमा सक्रिय भूमिका निर्वाह गरेको पाइयो ।

**विद्यार्थी**

सामुदायिक विद्यालयमा प्रमुख समस्याको रुपमा विद्यार्थीको उपस्थिति, नियमितामा कमी, विद्यालय छोड्ने दरमा बढोत्तरी, विद्यार्थी टिकाउमा कमी, निरन्तर विद्यार्थी मूल्याङ्कनको अवस्था सामान्य रहनुको साथै शिक्षक विद्यार्थीबीचको सहकार्य शिक्षण सिकाईमा सकारात्मक देखियो । विद्यालयमा शिक्षक समाजमैत्री तथा विद्यार्थी मैत्रीको अवस्था पनि सामान्य रहेको पाइयो । विद्यार्थीहरुको सक्रीय कार्यहरु अतिरिक्त क्रियाकलाप, विद्यालय दिवस, सभा सहमारोह कार्यमा सक्रिय रहेको पाइयो ।

## स्थानीय शिक्षा प्रमुख

विद्यालय सुधार योजनाको निर्माण देखि कार्यान्वयन प्रक्रियामा प्रमुख भूमिका स्थानीय शिक्षा शाखा प्रमुख रहेको हुन्छ । विद्यालयहरुको रेखदेख, शैक्षिक सामग्रीहरुको रेखदेख, प्रयोग, शिक्षकहरुको सेवामूलक तालिम, प्रभावकारी शिक्षण सिकाई, अनुगमन, मूल्याङ्कन र प्रतिवेदनहरु तयारी गर्ने गराउने लगायत सूचना सञ्चार कर्ताको रुपमा लिइन्छ । विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्थालाई सुचारु रुपले सञ्चालन गर्न शिक्षा प्रमुख निरन्तर रुपमा प्रत्यन्तशील रहेको पाइन्छ । शिक्षा प्रमुखले माथिल्लो निकायबाट प्राप्त नीति निर्देशन, आफ्नो मातहतमा रहेका विद्यालयहरुलाई नीति निर्देशन गर्न समय समय प्र.अ.बैठकको आयोजना गरी कार्यक्रम कार्यान्वयन गर्ने गर्दछ । साथै विद्यालयहरुमा देखिएका विभिन्न किसिमका समस्या तथा उपलब्धिहरुको व्यवस्थापन गर्ने कार्यहरुमा सरसल्लाह तथा नीति निर्देशन दिने गरेको पाइयो । शिक्षा प्रमुख निर्देशक रुपमा मात्र नभई एउटा सहकर्मी रुपमा हातैमालो गर्दै विद्यालय सधार योजनाको निर्माण तथा कार्यान्वयनमा स्क्रीय भूमिका निर्वाह गरिरहेको पाइयो ।

## वडाध्यक्ष

सामुदायिक, निजी तथा धार्मिक विद्यालयहरुको रेखदेख, मर्मत सम्भार लगायत शैक्षिक गुणस्तरिता अभिवृद्धिको लागि विद्यालयमा विद्यालय सुधार योजना निर्माण गर्न गराउनमा सम्बन्धित वडाध्यक्ष भूमिका अहम रहेको हुनाले हाल यस गाउँपालिकाका वडामा रहेका विद्यालयहरुको सर्वपक्षीय र समानुपातिक रुपमा विद्यालय सुधार योजना बमोजिमका कार्यान्वयन अवस्था रहेको पाइयो ।

## प्राप्ती

विद्यालय सुधार योजनाको निर्माण तथा कार्यान्वयन प्रक्रियामा सरोकारवाला निकायहरुको चासो तथा सहभागिता सक्रिय रहेको पाइयो । विद्यालय व्यवस्थापन समितिले यसलाई अर्थपूर्ण तरिकाले प्रयोग गरेको पाइयो । योजना निर्माण गर्दा खेरी नै विद्यालयको बार्षिक अनुदान लिनको लागि कुशसलता पूर्वक विद्यालय सुधार योजना निर्माण गरेको पाइयो । जसले गर्दा विद्यालयमा तत्कालै देखिएका आवश्यकताहरुको पहिचान तथा निराकरण गरी

अगाडि बढिरहेको पाइयो । जसमा वडाध्यक्ष समेतको विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनमा सक्रीय भूमिका रहेको पाइयो । तर विद्यालय सुधार योजना शीर्षकमा बजेट निकासा गरे पनि त्यस अनुसारको कार्यान्वयनको अवस्थाका सम्बन्धमा अनुगमनको अवस्था सामान्य रहेको पाइयो ।

### ४.३ विद्यालय सुधार योजना कार्यान्वयनमा रहेका समस्याहरु

विद्यालय सुधार योजना निर्माणका लागि स्पष्ट निर्देशन, कार्यक्रम, विद्यालय सुधार योजना तथा कार्यान्वयन पश्चात् विद्यालयमा प्राप्त हुने कार्यक्रम र कार्यक्रमको सम्बन्धमा विद्यालयहरुलाई समयमा जानकारी प्राप्त नहुदा योजना कार्यान्वयनको अवस्थामा अन्यौलता देखिन्छ ।

#### ४.३.१ विद्यालय सुधार योजनामा तत्परताको कमी

विद्यालय सुधार योजना कार्यान्वयनका लागि आवश्यक भएको बोध तथा ज्ञान सम्बन्धित पक्षलाई नहुन सक्दा हालसम्मको योजना कार्यान्वयन अधुरो रहने केही पुराना प्रवृति रहेको आसङ्का गर्दै विद्यालय सुधार योजना कार्यान्वयनमा सरोकारवालाहरुको तत्परतामा कमी रहेको पाइयो ।

विद्यालय सुधार योजना निर्माण कार्यमा  सम्बन्धित पक्षलाई प्रविधि सेवाको अभाव विद्यालय सुधार योजना निर्माणको क्रममा देखिएका केही अन्यौलता अन्त गरी वस्तुगत योजना निर्माण गर्ने विद्यालय सुधार योजना निर्माणमा संलग्न प्र.अ., विव्यस, शिक्षक, अभिभावक तथा विद्यार्थीलाई नजिकमा रहेर प्रविधिक सेवा, सल्लाह उपलब्ध हुन नसक्नाले प्रभावकारी रुपमा योजना निर्माण गर्न कठिनाई उत्पन्न भएको पाइयो ।

#### ४.३.२ बजेट केन्द्रित योजना तथा योजनापर निर्भर हुनु

योजनामा उल्लेखित कार्यक्रमहरुको लागि आवश्यक पर्ने बजेटको श्रोत सबै बाहिर रहनुबाट योजनाको बाहिर श्रोतबाट रकम उपलब्ध नभएमा कार्यान्वयन हुने सक्ने उपलब्धता नभएमा थकिने तथ्य स्वीकारेको छ ।

### ४.३.३ संस्थागत रुपमा विद्यालय सुधार योजना कार्यान्वयन गर्ने प्रत्यन नहुनु

बृहत छलफल, विचार, विमर्शबाट औपचारिक रुपमा विद्यालय सुधार योजना निर्माण समिति गठन गरी सो समितिबाट वस्तुगत ढंगले विद्यालय सुधार योजना निर्माण कार्य हुन नसक्नुले आवश्यकतामा आधारित योजना निर्माण नसकेको यर्थाता देखिन्छ ।

### ४.३.४ राय, सुझाव संकलन नहुनु

विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनको अवस्थाका लागि विद्यालयको समस्याको पहिचान र समाधानका उपायहरु प्रस्तुत गर्ने प्रयोजनका लागि विज्ञ समुदाय, उपलब्ध प्रतिष्ठित महानुभाव, चन्दादाता, शिक्षक, अभिभावक, वडा प्रतिनिधि तथा विद्यार्थीबाट राय, सुझाव संकलन गरी विद्यालयका आवश्यकता पहिचान गर्दै समाधानका उपायहरु सुल्झाउनु पर्ने देखिन्छ ।

### ४.३.५ तथ्याङ्क विश्वसनीय र बैध नहुनु

विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनको अवस्थामा समावेश गरिएका विभिन्न तथ्याङ्कहरुको वैधता र विश्वासनीयता प्रशिक्षण गर्दा एक रुपता देखिदैन । यसरी गलत तथ्याङ्कको पक्षमा निर्माण गरिएको योजना प्रभावकारी रुपमा कार्यान्वयन हुने कुरामा विश्वास हुने ठाउँ देखिदैन ।

### ४.३.६ शैक्षिक गुणस्तर र सुधारको पक्षमा योजना मौन

विद्यालय सुधार योजनाले भौतिक निर्माण पूनः निर्माण र सुधारको पाटोलाई मात्र बढी केन्द्रित गरेको पाइयो भने शैक्षिक गुणस्तर र सुधारको विषयमा खास कार्यक्रम योजनाले नसकेको पाइयो ।

### प्राप्ती

विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन तहमा सामान्य समस्याहरु पाइयो । विद्यालय व्यवस्थापन समितिको चासो कम भएपनि प्रअ लगायत शिक्षक तथा अन्य सरोकारवालाहरुबीचमा सामान्य किसिमको छलफल तथा सरसल्लाह बिना योजना बनाएको

पाइयो । विद्यालय सुधार योजना निर्माण गर्दा अरुको नक्कल गरेर बनाउने परिपाटि रहेको देखियो ।

### ४.४ विद्यालय सुधार योजना कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु

विद्यालय सुधार योजनाको कार्यान्वयन तहमा देखिएका समस्याहरु समाधान गर्न के गर्नु पर्ला ? जिज्ञासाका गाउँ शिक्षा शाखा प्रमुखका अनुसार पहिले विद्यालय प्रशासन र विव्यसले आफैले निर्माण गरेको योजनाको पुनरावलोकन गर्नु पऱ्यो । योजनामा समावेश गरिएका कार्यक्रमहरुमध्ये के कति सम्पादन भए, कति हुन बाँकी छन् ? सम्पूर्णको लेखाजोखा गरी सम्पादन हुन नसकेकाहरुको पहिचान गरी समाधानका उपायहरुको खोजी गर्नु पर्छ ।

योजना बनाउँदा वडाध्यक्षको प्रत्यक्ष संलग्नता राखेर विद्यालयको आवश्यकताको प्रामाणिकरणको आधारमा बढी आवश्यक भएको योजनालाई प्राथमिकता दिई सोही अनुसारको बजेट तथा कार्यक्रम तर्जुममा गरी कार्यान्वयन गरे सफल हुन्छ ।

विद्यालयको सर्वाङ्गिण विकासको लागि सक्षम विव्यस अध्यक्षको चयन गरी जिम्मेवारी बोध गराउनु पर्छ । विव्यस अध्यक्षले बैठक, भेला, छलफलबाट आएका यर्थतालाई कार्यादेश दिई कार्यान्वयन गर्ने गराउन सकिन्छ ।

विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनमा प्रअको अहम् भूमिका रहेकोले विद्यालयको पूर्ण जिम्मेवारीको साथ शिक्षा ऐन, नियमावली बमोजिम समय सापेक्ष सम्बन्धित सरोकारवालाहरुसँगको सहकार्य गरी पार्दर्शीसाथ कामकाज गर्दा सफलता प्राप्त गर्न सकिन्छ ।

विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्नको लागि शिक्षाको उद्देश्य, विद्यार्थीको भावना, समाजको आवश्यकता अनुसार शिक्षण सिकाई क्रियाकलापमा आधारित योजनाबद्ध कार्यक्रमहरु संचालन गर्नसके गुणस्तयरीता आइगर्ने सामान्य समस्यालाई हटाउन सकिन्छ ।

विद्यालयको हरेक गतिविधिलाई सकारात्मक चिन्तन साथ आफु आफूबीच र समाधान हुन नसकेका समस्या शिक्षक र प्रअबीच राखेर छलफल, परामर्श लिने दिने गरेमा गुणस्तरीय शिक्षामा बृद्धि विकास गर्न सकिन्छ ।

### ४.४ १ विव्यस, प्रअ, शिक्षकहरुको आवश्यक प्रशिक्षण

विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन गर्नु अघि विव्यसका पदाधिकारी, प्रअ, शिक्षक तथा विद्यार्थीहरुको सहभागितामा योजना निर्माण तथा कार्यान्वयन सम्बन्धी सफलता प्राप्त गर्नको लागि सम्बन्धित पक्षहरुको भूमिका तथा आईपर्ने समस्याहरुको छलफल गोष्ठीबाट समाधान गर्न सकिन्छ । यस्तो क्षमताको विकास गराउने कार्यक्रमहरु अध्ययन गरिएका बिद्यालयहरुमा सञ्चालन भएको पाईएन ।

### ४.४ २ सूचनामा आधारित अनुगमन योजना हुनुपर्ने

योजनामा उल्लिखित कार्यक्रमहरुको सम्पादन भए पश्चात विद्यालयको कुन कुन पक्षमा के कस्तो सुधार वा विकास हुने हो ? सोको आधारमा संख्यात्मक र गुणात्मक रुपमा मापन गर्न सक्ने गरी अनुगमन योजना बनाउनु पर्छ । अनुमगन र निरिक्षण कार्यलाई प्रभावकारी बनाउन अनुगमन निरिक्षणको क्रममा आउन सकिने सम्भावित पूर्वाग्राही भावहरुलाई नियन्त्रण गर्न सकिने गरी अनुगमन योजना निर्माण गरी कार्यान्वयन गर्नु पर्छ ।

### ४.४.३ प्रतिवेदन कार्यान्वयनको व्यवस्था

अनुगमन र निरिक्षणबाट तयार भई पेश हुन आएको प्रतिवेदन तत्काल कार्यान्वयन गरी सम्पादन भई रहेको कार्यको गुणस्तर सुधार र विकास गर्न विद्यालय स्तर, पालिकास्तर र जिल्लास्तरबाट प्रतिवेदन कार्यान्वयनको व्यवस्था मिलाउने ।

### ४.४.४ योजनाको आवधिक रुपमा समिक्षा गर्ने व्यवस्था मिलाउने

विद्यालय सुधार योजनामा उल्लेखित कार्यक्रमहरु अर्धबार्षिक वा बार्षिक रुपमा के कति सम्पादन गरिए ? कार्यक्रम सञ्चालनको क्रममा विद्यालयमा के कस्ता कार्यहरु गर्नु पऱ्यो ? अनुभव के रहयो ? को कसबाट के कस्तो सहयोग कति प्राप्त भयो ? सम्पादन गर्न सकिएन ? कार्यक्रम सम्पादनका क्रममा आइपरेका कठिनाई समस्या र चुनौतिहरु के के हुन् ? आउँदा दिनहरुमा ती समस्या र चुनौतिहरुसँग जुधेर कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्न के गर्नु पर्ला ? आदि विषयमा थप पृष्ठपोषण लिन र दिन सरोकारवालाहरुको उपस्थितिमा सकभर अर्ध बार्षिक रुपमा नभए बार्षिक रुपमा समिक्षा सुधारका लागि अघि

बढ्नु पर्ने देखिन्छ । यस कार्यका लागि शिक्षा विकास तथा समन्वय इकाइ र पालिकाले सहजीकरण गरी विद्यालय स्तरको समिक्षामा प्राप्त पृष्ठपोषणको आधारमा जिल्ला स्तरमा समिक्षा गरी सुधारका लागि थप कार्यक्रम प्रस्तुत गरी अघि बढ्नु पर्ने हुन्छ ।

### ४.४.५ योजनालाई निरन्तर अद्यावधिक गर्दै लैजाने

विद्यालय सुधार योजनाको कार्यान्वय अवस्थाको क्रममा क्रमागत योजना हो । यो पञ्चबर्षिय योजना आधारित हुन्छ । यस योजनामा प्रत्येक बर्ष सञ्चालन गरिने कार्यक्रमको कार्य योजना समावेश गरिएको हुन्छ । प्रत्येक आर्थिक बर्षको अन्तमा सो बर्ष लक्षित गरिएका कार्याक्रमहरु के कति सम्पन्न भए ? के कति उपलब्धि भयो ? र सम्पादन हुन नसकेका लक्षित कार्यक्रमहरु के के हुन् ? ती कार्यक्रमहरु चालु आर्थिक बर्षको कार्यक्रममा सार्ने र सम्पादन भई सकेका कार्यक्रमको विवरण योजनाबाट हटाई थप अर्को बर्षको कार्यक्रम निर्माण गरी समावेश गर्दै जानु पर्दछ ।

### ४.४.६ विद्यालय सुधार योजनामा स्पष्ट दृष्टिकोण

विद्यालय सुधार योजनाको कार्यान्वयन पश्चात विद्यालयको शैक्षिक, भौतिक, प्रशासनीक लगायतको सम्रग अवस्था कस्तो हुनेछ ? सो अवस्थाको प्राप्तीका लागि विद्यालयले गर्नु पर्ने प्रयत्नहरु के के हुन् ? आदि बिषयमा विद्यालयले योजनामा आफ्नो स्पष्ट दृष्टिकोण प्रस्तुत गर्नु पर्दछ । जसले व्यवहारिक एव्म गुणस्तर शिक्षा उपलब्ध गराउने समयन्त्रको रुपमा विद्यालयलाई विकास गर्न मार्ग दर्शन गर्न सकेको होस् । योजनाले विद्यालयलाई शिक्षण सिकाईको असल संगठनको रुपमा मात्र विकास गर्ने लक्ष्य नराखेर बालबालिकाको समग्र व्यक्तित्वको विकास गरी जीवन निर्वाह गर्न सक्षम नागरिकको विकास गर्ने संगठनको रुपमा विकास गर्नु पर्दछ ।

### ४.४.७ विद्यालयले आफ्नो स्तर निर्धारण गरी स्तरवृद्धिको क्रममा समावेश गर्नु पर्ने

विशिष्ट स्तर निर्धारण सुचाङ्कहरु प्रयोग गरी सबै विद्यालयले आफ्नो स्तर निर्धारण गरेर क्रमागत रुपमा स्तर वृद्धि गर्ने तर्फ विद्यालय सधार योजनामा स्पष्ट दृष्टिकोण, कार्यक्रम र योजना तय गरेको हुनु पर्दछ ।

**प्राप्ति**

प्रदेश नं. १ को सुनसरी जिल्लाको भोक्राहा नरसिँह गाउँपालिकाको मातहतमा रहेका ३७ वटा सामुदायिक विद्यालयहरुमध्ये ५ वटा आधारभूत प्राथमिक तहका सामुदायिक विद्यालयहरुलाई नमूना अध्ययन क्षेत्रको रुपमा छनौट गरी विद्यालय सुधार योजना तथा कार्यान्वयनको अवस्था विषयमा सोध अध्ययन गर्दा देखिएका तथ्यपूर्व जानकारी विवरणहरु निम्म अनुसार उल्लेख गरिएको छ । विद्यालय सुधार योजनाको अवस्था सम्बन्धमा अधिकाँश शिक्षक विद्यार्थी र अभिभावक स्पष्ट हुने कुरा सामान्य अवस्थामा रहेको पाइयो । योजना कार्यान्वयन गर्ने समयमा गाउँपालिकाले योजना कार्यान्वयन कार्यमा प्रभावकारिता अभिवृद्धि गर्न प्रयाप्त अनुगमन, निरिक्षण र पृष्ठपोषण सेवा उपलब्ध गराउन सामान्य अवस्था रहेको पाइयो । योजना कार्यान्वयनको लागि आवश्यक सम्पूर्ण बजेट सरकारले दिन्छ भन्ने सोचाईले महत्वाकान्छी योजना र कार्यक्रम निर्माण गरिएको पाइयो । योजना कार्यान्वयनको लागि स्थानीय साधन श्रोतको पहिचान र परिचालन तर्फ विद्यालयको प्रयाप्त ध्यान पुग्न नसकेको पाइयो । विद्यालयको हरेक गतिविधिहरुमा समुदायको प्रयाप्त चासो, जागरुकता, जिम्मेवारी र सहयोगको कमी देखियो । विद्यालयको विकासको लागि अपरिहार्य समुदाय परिचालनको पाटो सामान्य देखियो । अधिकाँश प्रअ र शिक्षकहरुमा विद्यालयको सुधार र विकासका लागि वडाध्यक्ष, प्र.अ र शिक्षकहरुमा विद्यालय सुधार र विकासका लागि पर्याप्त दक्ष, सक्षम, इच्छुक शक्ति र प्रतिबद्धता र उच्च मनोवलको अभाव देखियो । शैक्षिक गुणस्तर एवम् स्तर उन्नतिको सवालमा स्थापित संस्थागत समयन्त्र एवम् जिम्मेवार, नेतृत्व र कार्यगत कर्मचारीहरुमा योजना देखिए । ती हरुमा प्रयाप्त चासोको अभाव देखियो । निर्मित विद्यालय सुधार योजनाको कार्यान्वयन पक्ष अत्यन्त सामान्य रहेको पाइयो । विद्यालय सुधार योजनाको निर्माण तथा समय सापेक्ष परिवर्तन अभाव देखियो । योजनाको कार्यान्वयनमा प्रभावकारी र अपेक्षित उपलब्धीको लेखाजोख ागर्न समिक्षा गर्ने प्रचलन रहेको सामान्य प्रचलन देखियो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

## ५.१ निष्कर्ष

केन्द्रिय तहबाट निर्माण गरिने शैक्षिक योजनाहरुले स्थानीय शैक्षिक आवश्यकतालाई पूर्णरुपमा वस्तुगत ढंगले सम्बोधन गर्न नसकेको हुँदा कार्यान्वयन पक्ष सामान्य हुन गई अपेक्षित उपलब्धि प्राप्त गर्न कठिनाई हुन जान्छ । यहि तथ्यलाई मध्यनजर गरी स्थानीय आवश्यकताको पहिचान गरी स्थानीय स्तरमै उपलब्ध श्रोतसाधनहरुको पहिचान, परिचालन र प्रयोग गरेर सहभागितामूलक विधिबाट विद्यालय सुधार योजनाको कार्यान्वयन गर्ने प्रक्रियाको थालनी गरेको छ । विद्यालयको सुधार र विकासको लागि विद्यालय स्वय चिन्तनशील प्रयत्नशील, जिम्मेबार र जवाफदेहिता बन्नु पर्दछ भन्ने भावना यस प्रक्रियाले जागृत गर्न खोजेको छ । विद्यालयको सरोकारवालाको सर्वपक्षीय सहभागितालाई सक्रीय बनाउन खोजिएको छ ।

अध्ययन गरिएका ५ वटै सामुदायिक आधारभूत विद्यालयको विद्यालय सुधार योजना तथा कार्यान्वयनको अवस्था अन्तर्गत सबै विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण गरेको पाइयो । विद्यालय सुधार योजनाको अद्यावधिक सबै विद्यालयले गरेको पाइयो । विद्यालय सुधार योजना कार्यान्वयन पनि सबैले गरेको पाइयो । साथै विद्यालय सुधार योजनाको कार्यान्वयन सम्बन्धमा समिक्षा गर्ने पक्ष भने सबै बिद्यालयहरुमा कमी देखियो ।

यसरी नै विद्यालयमा निर्मित विद्यालय सुधार योजना अनुसारको कार्यान्वयन पक्षले गर्दा गुणस्तरीयता समेत राम्रो उपलब्धी प्राप्त भएको छ । अध्ययन गरिएका विद्यालयहरुमा स्वास्थ्य, सरसफाई, खेलकुद तथा खानेपानीको व्यवस्थापनको आधारले हेर्दा विद्यालय सुधार योजनामा भए अनुसार कार्यान्वयन केही विद्यालय देखिएन । ५ विद्यालयमध्ये ३ वटा विद्यालयमा घेरावेरा भएको र २ वटा विद्यालयमा निर्माणाधिन अवस्था रहेको पाइयो । घेरावेरा भएको विद्यालयको भौतिक व्यवस्थापन सुरक्षित तथा वातावरण सरसफाई रहेको देखियो । यसरी शोध अध्ययनको निश्कर्षको रुपमा बिश्लेषण गर्ने हो भने अध्ययन गरिएका सबै बिद्यालयहरुमा बिद्यालय सुधार योजना तर्जुमा भई कार्यान्वयन भइरहेको भएतापनि कार्यान्वयन पक्ष सन्तोषजनक नभएको पाईयो । बिद्यालयमा सरोकारवालाहरुको समन्वयको

अभाव, स्रोत तथा साधनको कमी, सरोकारवालाहरुलाई क्षमता बिकासका तालिम उपलब्ध नहुनु जस्ता समस्याहरु बिद्यालय सुधार योजना कार्यान्वयनमा देखा परेका अध्ययनबाट प्राप्त भएको छ ।

यस्तै योजना निर्माणको क्रममा योजना कार्यान्वयनको लागि आवश्यक सम्पूर्ण बजेट सरकारले दिन्छ भने सोचाइले महत्वकाँक्षी योजना र कार्यक्रम निर्माण गरिएकोले कार्यान्वयन पक्ष कमजोर देखियो । योजना कार्यान्वयनका लागि स्थानीय साधन श्रोतको पहिचान र परिचालन तर्फ विद्यालयको प्रयाप्त ध्यान पुग्न नसकेको पाइयो । विद्यालयको हरेक गतिबिधिहरुमा समुदायको प्रयाप्त चासो, जागरुकता र सहयोगको कमी देखियो । विद्यालय विकासका लागि अपरिहार्य समुदाय परिचालनको पाटो साह्रै कमजोर देखियो । शैक्षिक गुणस्तर एंव स्तर उन्नतीको सवालमा स्थापित संस्थागत संयन्त्र एवंम् जिम्मेवारी नेतृत्व र कार्यरत कर्मचारीहरुमा कुनै खास योजना देखिएन । तिनीहरुमा प्रयाप्त चासोको अभाव देखियो । निर्मित विद्यालय सुधार योजनाको कार्यान्वयन पक्ष सामान्य रहेको पाइयो तथा विद्यालय सुधार योजना अधावधिक सबै हुन नसकेको देखियो । विद्यालय सुधार योजनाको कार्यान्वयनमा प्रभावकारिता र अपेक्षित उपलब्धिको लेखाजोख ागर्न समिक्षा गर्ने प्रचलन सामान्य देखियो ।

## ५.२ सुझाव

विद्यालय सुधार योजना कार्यान्वयनको अवस्था अध्ययन शीर्षकमा केन्द्रित अध्ययन अनुसन्धानका क्रममा प्राप्त गरिएका सूचनाहरुको विश्लेषणबाट प्राप्त गरिएको निष्कर्षको आधारमा नीतिगत तहका सुझावहरु, अभ्यास तहका सुझवाहरु र अनुसन्धान तहका सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

शैक्षिक नीति निर्माण तह भनेको देशका उच्च तहमा रहेका शैक्षिक निकाय हेर्ने कार्यक्रम सञ्चालन गर्ने निकायहरुलाई बुझाउँछ । शिक्षा मन्त्रालय, शिक्षा विभाग, प्रादेशिक शिक्षा समन्वय, शैक्षिक जनशक्ति केन्द्र, पाठ्यक्रम विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र लगायतका नीति निर्माण तहमा कार्य गर्ने संघ संस्थाहरु सबैले आ-आफ्ना तर्फबाट

विद्यालयमा विद्यालय सुधार योजनाको कार्यान्वयन उत्तरदायित्व बहन गर्न सक्ने तुल्याउन विद्यालय र सरोकारबालाहरुको नीति लिनुपर्ने देखिन्छ ।

माथिल्लो निकायबाट अनुगमन, निरिक्षण तालिका अनुसार विद्यालयलाई निरिक्षण गरी सोही अनुसार विद्यालयलाई प्राप्त हुने अनुदान रकम वितरण गर्नुपर्ने व्यवस्था मिलाउने नीतिगत व्यवस्था लिनु पर्दछ ।

विद्यालय सुधार योजनाको कार्यान्वयन शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय निकाय शिक्षा शाखाले प्रभावकारिता अभिवृद्धि गर्न प्रयाप्त अनुगनम, निरिक्षण र पष्ठपोषण सेवा उपलब्ध गराउन नसकेकाले विद्यालयको समुचित व्यवस्थापन तथा विद्यालयको विद्यालय सुधार योजनाको कार्यान्वयन विद्यालय व्यवस्थापन समितिले लिनुपर्दछ भने प्र.अ. तथा विद्यालय प्रशासनले कार्यान्वयन सही ढंगले गर्न गराउनु पर्दछ । स्थानीय निकाय तथा शिक्षासँग सम्बन्धित माथिल्लो निकायले समय समयमा अनुगमन, मुल्याङ्कन गर्नुपर्ने नीति तर्जुमा गर्नु पर्ने देखिन्छ ।

### ५.२.२ अभ्यास तह

शिक्षाका माथिल्लो निकायहरुले शैक्षिक नीति निर्माण गर्ने गरेका हुन्छन् भने त्यसलाई कार्यान्वयन गराउने निकाय छुट्टै रहेको हुन्छ । स्थानीय तहमा शैक्षिक नीति र कार्यक्रमको कार्यान्वयन गर्ने निकायको रुपमा शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय निकाय, विद्यालयसँग सरोकार राख्ने विव्यस, शिअस, अभिभावक, शिक्षा विज्ञ, राजनैतिककर्मी, प्र.अ., शिक्षक र विद्यार्थीहरु समेतलाई बुझाउँछ । त्यस कारण समग्र सरोकारवालाहरुलाई समेट्ने हुनेले यो अध्ययनले विद्यालयको भावी कार्यदिशा कोर्ने सम्बन्धमा महत्वपूर्ण सहयोग पूऱ्याउने हुँदा सबै तह र तप्का रहेको शैक्षिक निकायसँग आवद्ध व्यक्तिले आफ्नो तर्फबाट विद्यालय सुधार योजनाको कार्यान्वयन गर्नको लागि सहज बनाउन सकिन्छ ।

विद्यालय सुधार योजनाको अवधारणा सम्बन्धमा अधिकाँश शिक्षक, विद्यार्थी, अभिभावक स्पष्ट गर्नुपर्ने नितान्त जरुरी देखिएको कारण बिद्यालय व्यवस्थापनले यस बारेमा थप प्रशिक्षण सञ्चालन गर्नु पर्दछ ।

विद्यालय सुधार योजना कार्यान्वयन कार्यमा मुख्य सहयोगी निकायको रुपमा गाउँपालिका शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरिएकोमा दुवै समिति गठन तथा सक्रिय रुपमा प्रभावकारी ढंगले परिचालन गर्नु पर्दछ ।

स्थानीय तह भित्रका सम्पूर्ण विद्यालयका विद्यालय सुधार योजनाको कार्यान्वयन समष्टिगत रुपमा गाउँपालिका शिक्षा योजना हुनुपर्नेमा सो कार्यान्वयन हुन नसकेको विद्यालय सुधार योजनाहरुका आवश्यकता र समस्या पूर्ण रुपले समेटनु पर्दछ ।

### ५.२.३ अनुसन्धान तह

विद्यालय सुधार योजना कार्यान्वयनको लागि सरोकारवालाहरुले कस्तो सवल एवम् सक्रिय सहभागिता देखाउन सक्दछन् सो सवालमा यस अनुसन्धानको निष्कर्षबाट आएका सुझाव र विगतका दिनमा गरिएको अध्ययन अनुसन्धानको अध्ययनले औल्याएका सुझाव सल्लाहलाई समेत विद्यालयको उपयोगका लागि प्रयोग गर्न सकिन्छ । विद्यालयको सुधार योजनाको राम्रोसँग कार्यान्वयन गर्न सकिएमा व्यवस्थापनमा सम्पूर्ण सरोकारवालाहरुको सक्रिय सहभागिता भएमा सामुदायिक विद्यालय प्रति आकर्षित भई विद्यार्थी भर्ना तथा विद्यार्थीको निरन्तर उपस्थितिमा टेवा पुग्नुको साथै गुणस्तरीय शिक्षाको विकास हुन आउँछ ।

आउँदो दिनमा भावी अनुसन्धानकर्ताहरुबाट विद्यालयको व्यवस्थापन विद्यालय सुधार योजनाको कार्यान्वयन, प्र.अ.को भूमिका, विव्यस तथा शिक्षक अभिभावक संघको भूमिकामा पनि थप अध्ययन गर्न सकिन्छ ।

यसरी नै विद्यालय सुधार योजनाको कार्यान्वयन तथा व्यवस्थापनमा सरकारी योगदान, गुणस्तरीय शिक्षाको लागि विद्यालय सुधार योजनाको कार्यान्वयन जस्ता थप शीर्षकहरुमा अनुसन्धानका लागि सुझावहरु प्रस्तुत गरिएको छ ।

## सन्दर्भ सामग्रीहरू

काफ्ले, बासुदेव (२०६४), **शैक्षिक योजना,** काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, सिताराम (२०६२), **शिक्षा प्रशाशनका आयामहरू,** काठमाडौं : सोपान मासिक पत्रिका ।

कोइराला, विद्यानाथ (२०६७), **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६६), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाण्डौं, सनलाइट पब्लीकेसन ।

दाहाल, गोपाल (२०७०), **विद्यालय सुधार योजना निर्माण र कार्यन्वयनले सिकाइ उपलब्धीमा पारेको प्रभाव,** अप्रकासित सोधपत्र शोधपत्र, काठमाडौं, त्रिभुवन विश्वविद्यालय ।

नेपालमा शिक्षा आयोगको प्रतिवेदन (२०११,२०४९,२०५५,२०५८) काठमाडौं, शिक्षा विभाग

नेपाल, जनार्दन (२०६४), **नेपालको शिक्षा प्रणाली चुनौती र सम्भावना,** काठमाडौं : मकालु प्रकाशन गृह ।

बस्नेत, रुपनारायण (२०६७), **विद्यालयको निर्माण र प्रभाकारी कार्यान्वयनमा विद्यालय व्यावस्थापन समितिको भूमिका,** अप्रकासीत सोधपत्र, काठमाडौं, त्रिभुवन विश्वविद्यालय ।

विद्यालय सुधार योजना सहयोगी पुस्तीका (२०६९), शिक्षाविभाग, सानोठीमी ।

विद्यालय सुधार योजना निर्देशिका (२०६४), शिक्षाविभाग, सानोठीमी ।

विष्ट, मिनबहादुर (२०६२), **शैक्षिक योजना,** काठमाडौं, भुँडिपुराण प्रकासन ।

विद्यालय क्षेत्र सुधार परियोजना (2066-2072), नेपाल सरकार, शिक्षामन्त्रालय ।

शर्मा, कुबेर (२०५७), **शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधार,** काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

सिंह, ललितविक्रम (२०६५), **विद्यालय सुधार योजना र कार्यन्वयन,** अप्रकासित शोधपत्र, काठमाडौं, त्रिभुवन विश्वविद्यालय ।

## अनुसूची १

## विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्थाको अवलोकन फारम

१. विद्यालयको नाम : .............................................................
ठेगाना : ..................................................................
संचालित कक्षा : ...................................................
शिक्षक, कर्मचारी संख्या : .....................................................

२. विद्यालय सुधार योजनाको समयावधि : ..............................
विद्यालय सुधार योजनाका लक्ष्यहरु : क) ................................................
ख) ................................................
ग) ................................................
विद्यालय सुधार योजनाको बजेट : ..........................................................
विद्यालय सुधार योजनाको कार्यान्वयन योजना : ..........................................

३. विद्यालयको शैक्षिक अवस्था
क) आन्तरिक सक्षमताको अवस्था : अति राम्रो/ राम्रो / सामान्य
ख) विद्यार्थीको सिकाई उपलब्धि : अति राम्रो/ राम्रो / सामान्य
ग) विद्यालय संचालन व्यवस्था : अति राम्रो/ राम्रो / सामान्य
घ) विद्यालयको व्यवस्थापकीय प्रवन्ध : अति राम्रो/ राम्रो / सामान्य

४. विद्यालयको भौतिक अवस्था :
क) भवनको अवस्था : अति राम्रो/ राम्रो / सामान्य
ख) घेरावेराको अवस्था : अति राम्रो/ राम्रो / सामान्य
ग) फर्निचरको अवस्था : अति राम्रो/ राम्रो / सामान्य
घ) शौचालयको अवस्था : अति राम्रो/ राम्रो / सामान्य
ङ) खानेपानीको अवस्था : अति राम्रो/ राम्रो / सामान्य

५. विद्यालयको आर्थिक अवस्था :
क) लेखा परिक्षण : भएको/ नभएको
ख) अन्य आर्थिक पार्दशीता : भएको / नभएको ।

६. वि.सु.यो.को कार्यान्वयनमा सम्बन्धित व्यक्तिहरुको सहभागिता : भएको/नभएको ।

७. अन्य केही भएमा ............ क) ......... ख) .........

शोधकर्ता : ................. प्रमाणित गर्ने : ..................

## अनुसूची २

## विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्थाको प्रश्नावली फारम

विद्यालयको नाम : .........................................................

ठेगाना : ...............................................................

प्र.अ./शिक्षकको नाम : ......................................................

तह : .................................. श्रेणी : ..........................

**प्रश्नहरु :**

१. तपाईको विद्यालयमा विद्यालय सुधार योजनाको अवस्था कस्तो छ ?

उत्तर : ..........................................................................................

..........................................................................................

२. विद्यालय सुधार योजना कार्यान्वयनमा क-कसको सहभागिता रहेको छ ?

उत्तर : ..........................................................................................

..........................................................................................

३. विद्यायल सुधार योजनाको कार्यान्वयन गर्दा के कस्ता समस्याहरु देखा परेका छन् ?

उत्तर : ..........................................................................................

..........................................................................................

४. विद्यालय सुधार योजनाको कार्यान्वयन गर्दा आइपर्ने समस्याहरुको समाधानका उपायहरु के के हुन् सक्छन् ?

उत्तर : ..........................................................................................

..........................................................................................

५. विद्यालय सुधार योजनाको कार्यान्वयन गर्दा विद्यालयमा के कस्ता परिवर्तनहरु देखा परेका छन् ?

उत्तर : ..........................................................................................

..........................................................................................

शोधकर्ता : ................. प्रमाणित गर्ने : ..................

## अनुसूची ३ (क)

## विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्थाको अन्तर्वाता सूची फारम

(शिक्षा शाखा प्रमुख/ वडाध्यक्ष/ वि.व्य.स.अध्यक्ष)

नाम : ..........................................................

ठेगाना : ...............................................................

पद : ....................................................

<u>**अन्तर्वार्ता सूची :**</u>

१. वि.सु.यो.को कार्यान्वयन अवस्था कस्तो छ ?

सर्वेक्षक : ..................................................................................................

२. विद्यालय सुधार योजनाको कार्यान्वयनमा को को सहभागी भइरहेका छन् ?

सर्वेक्षक : ..................................................................................................

३. विद्यालय सुधार योजनाको कार्यान्वयन गर्दा के के समस्याहरु देखा परेका छन् ?

सर्वेक्षक : ..................................................................................................

४. विद्यालय सुधार योजनाको कार्यान्वयन गर्दा आएका समस्याहरुको समाधान कसरी गर्नु भएको छ ?

सर्वेक्षक : ..................................................................................................

५. विद्यालय सुधार योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउने के के गर्न सकिन्छ ?

सर्वेक्षक : ..................................................................................................

६. विद्यालय सुधार योजनाको कार्यान्वयनमा लगानीको अवस्था कस्तो छ ?

सर्वेक्षक : ..................................................................................................

शोधकर्ता : .................                                   प्रमाणित गर्ने : ..................

## अनुसूची ३ (ख)

## विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्थाको अन्तर्वाता सूची फारम

(विद्यार्थी)

नाम : ............................................................

विद्यालयको नाम : ...........................................................................

ठेगाना : ......................................................

कक्षा : .....................                                    रोल नं. : ..........................

**अन्तर्वार्ता सूची :**

१. वि.सु.यो.को कार्यान्वयनमा तपाइहरुको सहभागिता छ/छैन् ?

क) छ          ख) छैन          ग) थाहा नभएको

२. विद्यालय सुधार योजनाको कार्यान्वयन गर्दा को को सहभागी भइरहेका छन् ?

क)अभिभावक          द) विद्यार्थी, शिक्षक          ग) दुवै

३. विद्यालयको भौतिक अवस्था कस्तो छ ?

क) राम्रो          ख) सामान्य          ग) थाहा नभएको

४. विद्यालयमा अतिरिक्त क्रियाकलाप भइरहेको छ/छैन् ?

क)छ          ख) छैन          ग) थाहा नभएको

५. विद्यालयमा कुनै समस्या आउँदा कोसँग सम्पर्क राख्नु पर्छ ?

क)शिक्षक          ख) अभिभावक          ग) कसैसँग होइन्

६. विद्यालयको भौतिक विकास विस्तारमा कस-कसको सहभागिता भएको देख्नु भएकोछ ?

क)प्र.अ./शिक्षक          ख) अभिभावक          ग) दुवैको

शोधकर्ता : .................                                    प्रमाणित गर्ने : ..................

## अनुसूची ४

## विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्था अध्ययनको

## नमूना छनौटमा परेका विद्यालयहरुको विवरण

| क्र.स. | विद्यालयको नाम, ठेगाना | प्र.अ./विव्यस/शिअस अध्यक्षको नाम | शिक्षकको नाम | विद्यार्थीको नाम |
|---|---|---|---|---|
| १. | श्री पशुपति शिक्षा मन्दिर भोक्राहा नरसिँह-२, सुनसरी | पवन कुमार मेहता<br>जागेश्वर मेहता<br>रामअधिन मेहता | जयप्रकाश मेहता | अभिशेक कुमार मेहता<br>विनिता कुमारी मेहता |
| २ | श्री रामसीता आ. वि. भोक्राहा नरसिँह-३, सुनसरी | बलराम यादव<br>रामेश्वर यादव<br>रामनरेश यादव | शर्मिला यादव | देवकी कुमारी ठाकुर<br>रोहित कुमार सदा |
| ३. | श्री आर्दश आ.वि. भोक्राहा नरसिँह-५, सुनसरी | पुष्परत्न गुभाजु<br>बलराम यादव<br>सिताराम मेहता | देवराम यादव | अन्जली कुमारी मेहता<br>धर्मदेव यादव |
| ४. | श्री बानेश्वर आ. वि. भोक्राहा नरसिँह-६, सुनसरी | रुपनारायण साह<br>कुशेश्वर साह<br>सतलाल उराँव | बृजकिशोर साह | प्रियंका साह<br>चन्दन साह |
| ५. | श्री हरिजन आ. वि. भोक्राहा नरसिँह-७, सुनसरी | राजेश्वर यादव<br>लालदेव यादव<br>राजकिशोर मण्डल | मैथील यादव | शिवकुमार मण्डल<br>कौशली कुमारी यादव |

शोधकर्ता : ................. प्रमाणित गर्ने : ..................

# अनुसूची ५

## विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्था

### अध्ययनको नमूना छनौट गरिएका शिक्षा प्रमुख र वडाध्यक्षहरुको विवरण

| क्र.स. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १. | रमेशचन्द्र तिम्सिना | शिक्षा अधिकृत | |
| २. | आलम अन्सारी | २ नं. वडाध्यक्ष | |
| ३. | सुकदेव यादव | ३ नं. वडाध्यक्ष | |
| ४. | बसिरुद्धिन मन्सुरी | ५ नं. वडाध्यक्ष | |
| ५. | राजेश्वर प्रसाद साह | ६ नं. वडाध्यक्ष | |
| ६. | रामचन्द्र यादव | ७ नं. वडाध्यक्ष | |

शोधकर्ता : .................

प्रमाणित गर्ने : ..................

## अनुसूची ६

## विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्था

## सहभागीहरुसँग सूचना लिन तथा छलफलका लागि तयार पारिएको पत्र

मितिः २०७७/०५/१६

श्रीमान प्रधानाध्यापक ज्यू

...............................................

विषय : ***सहजीकरण सम्बन्धमा ।***

प्रस्तुत विषयमा विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्था, त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको शोधकार्य (५९८) को आंशिक आवश्यकता परिपूर्ति प्रयोजनको लागि तपसिल अनुसारका व्यक्तिहरुसँग अन्तरक्रिया तथा आवश्यक छलफल गर्नुपर्ने भएको हुँदा तोकिएको समय, मिति र स्थानमा उपस्थित भई सहयोग गरिदिनु हुन् सादर अनुरोध छ ।

**तपसिल**

१. प्र.अ.- १ जना

२. विव्यस अध्यक्ष-१ जना

३. शिक्षक मध्येबाट १ जना

४. विद्यार्थीहरु मध्येबाट २ जना

समय : ...................................

मिति : ........................................

स्थान : सम्बन्धित विद्यालयमा ।

....................

रुपनारायण साह

शोधकर्ता